# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण




(२०७८ साउन-असोज)

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

सिंहदरबार, काठमाडौं

२०७८ कार्तिक

## विषय सूची


| सि.नं | विवरण | पेज नं. |
| --- | --- | --- |
| १. | कार्यालयको स्वरूप र प्रकृति | १ |
| २. | कार्यालयको काम, कर्तव्य र अधिकार | १ |
| ३. | कार्यालयमा रहने कर्मचारी विवरण | ३ |
| ४. | कार्यालय अन्तर्गतका महाशाखा, शाखा र जिम्मेवार पदाधिकारी | ७ |
| ५. | सम्पादन गरेका कामको विवरण | १० |
| ६. | प्रवक्ता र सूचना अधिकारीको विवरण | ३२ |
| ७. | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | ३५ |
| ८. | आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण | ३६ |
| ९. | कार्यालयको वेबसाइट | ३६ |
| १०. | कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय | ४० |

## १. कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासकीय प्रबन्धमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै समग्र राष्ट्रको नीति निर्माण एवं व्यवस्थापनको समन्वय गर्ने निकाय हो । शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही र जन उत्तरदायी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ । सबै मन्त्रालयहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू यस कार्यालयको कार्य क्षेत्रभित्र पर्छन् । साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वयको नेतृत्वसमेत यो कार्यालयको जिम्मेवारीमा रहेको छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई ४८ वटा कार्य जिम्मेवारी तोकिएका छन् । यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्पादन गर्दै आएको छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) का कामकारबाहीलाई सुव्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छ ।

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव समितिको सचिव रहने व्यवस्था छ ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ का अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

१. मन्त्रिपरिषद्सम्बन्धी;

२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;

३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;

४. नेपाल सरकार मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;

५. नेपाल सरकार मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;

६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;

७. प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;

८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;

९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कुटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;

१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्द्धन र प्रशासनिक सुधार;

११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;

१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;

१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;

१५. मानव अधिकारको संरक्षण, प्रवर्द्धन, समन्वय र प्रतिवेदन;

१६. भ्रष्टाचारविरूद्धको नीति, योजना तथा कार्यान्वयन;

१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;

१८. संवैधानिक परिषद्;

१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य;

२०. प्रदेश प्रमुखसम्बन्धी;

२१. परराष्ट्र तथा सुरक्षा मामिला;

२२. अख्तियार दुरूपयोग अनुसन्धान आयोग,

२३. लोक सेवा आयोग;

२४. राष्ट्रिय मानव अधिकार आयोग;

२५. महान्यायधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;

२६. राष्ट्रिय योजना आयोग;

२७. राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

२८. लगानी बोर्ड;

२९. राष्ट्रिय सतर्कता केन्द्र;

३०. सार्वजनिक खरिद अनुगमन कार्यालय;

३१. नेपाल ट्रष्टको कार्यालय;

३२. गरिबी निवारण कोष;

३३. राष्ट्रिय अनुसन्धान विभाग;

३४. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग;

३५. राजश्व अनुसन्धान विभाग;

३६. विषय विज्ञ समूह;

३७. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;

३८. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;

३९. गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;

४०. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजश्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;

४१. विपद् व्यवस्थापनसम्बन्धी समन्वय;

४२. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष संचालन;

४३. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;

४४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;

४५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको संचालन र नियमन;

४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;

४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;

४८. अवशिष्ट अधिकार प्रयोग ।

## ३. कार्यालयमा रहने कर्मचारी विवरण

### संगठन संरचना

कार्यालयको वर्तमान सांगठनिक संरचना अनुसार ११ वटा महाशाखा र २७ वटा शाखाहरू रहेका छन् । यस कार्यालयमा २३३ जनाको स्वीकृत स्थायी दरबन्दी र ४५ करार दरबन्दी रहेको छ । यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्य सचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ । मुख्यसचिव मातहतमा पाँच जना सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न ११ वटा महाशाखा हेर्ने गरी ११ जना सहसचिव (रा.प.प्रथम श्रेणी) को दरवन्दी रहेको छ । प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्य बोझअनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ । यस कार्यालयको दरवन्दी विवरण र संगठन संरचना यस प्रकार रहेको छ ।

## दरबन्दी तेरिज


| सि.न. | पदको नाम | श्रेणी/तह | सेवा | समूह | उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | मुख्य सचिव | रा.प. विशिष्ट | – | – | – | १ |
| २ | सचिव | रा.प. विशिष्ट | प्रशासन | – | – | ४ |
| ३ | सचिव | रा.प. विशिष्ट | न्याय | – | – | १ |
| ४ | सह-सचिव | रा.प. प्रथम | प्रशासन | – | – | ९ |
| ५ | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | – | २ |
| ६ | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २३ |
| ७ | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| ८ | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| ९ | उप-सचिव | रा.प. द्वितीय | तथ्याङ्क | तथ्याङ्क | | १ |
| १० | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |
| ११ | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | – | ४२ |
| १२ | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १३ | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | – | ४ |
| १४ | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | – | २ |
| १५ | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | – | – | ३ |
| १६ | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | – | – | १ |
| १७ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | तथ्याङ्क | तथ्याङ्क | – | १ |
| १८ | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | – | १ |
| १९ | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २० | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | – | २० |
| २१ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | – | १ |
| २२ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम(प्रा.) | विविध | – | – | ३४ |
| २३ | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम(प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | – | १ |
| २४ | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम(प्रा.) | ई. | मे.ई | – | १ |
| २५ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ५ |
| २६ | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | – | १ |
| २७ | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | – | – | ३ |
| २९ | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | १ |
| ३० | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | – | – | १ |
| ३१ | ह.स.चा. | श्रेणी विहीन | ई. | – | – | १८ |
| ३२ | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ३३ |
| ३३ | का.स.(बगैचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | १ |
| ३४ | का.स.(सरसफाई) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | ७ |
| ३५ | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – | २ |
| | **जम्मा** | | | | | **२३३** |

## सेवा करारबाट पूर्ति गरिने थप पद

| **सि.न.** | **पदको नाम** | **श्रेणी/तह** | **सेवा** | **समूह** | **उपसमूह** |
|---|---|---|---|---|---|
| १. | कम्प्युटर टेक्निसियन | रा.प.अनं.प्रथम | विविध | | |
| २. | टेलिफोन अपरेटर | रा.प.अनं.प्रथम | ई. | ई. एण्ड क. | |
| ३. | लिफ्ट अपरेटर | रा.प.अनं.द्वितीय | ई. | इलेक्ट्रिकल | |
| ४. | ह.स.चा. | श्रेणी विहीन | ई. | – | – |
| ५. | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | – |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना



## ४. कार्यालय अन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू

| महाशाखा/शाखाको नाम | जिम्मेवार पदाधिकारी |
|---|---|
| **प्रशासन, राष्ट्रिय सुरक्षा तथा सामाजिक विकास क्षेत्र** | **सचिव श्री महेश्वर न्यौपाने** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | उपसचिव श्री जनकराज भट्ट |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव श्री गोकुल बस्नेत |
| **३. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | **सहसचिव श्री बुद्ध बहादुर गुरूङ** |
| (क) मन्त्रिपरिषद् बैठक शाखा (केन्द्रीय) | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा | उपसचिव श्री प्रदिप श्रेष्ठ |
| (ग) मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा | उपसचिव श्री मञ्जु शर्मा सुवेदी |
| **४. प्रशासन महाशाखा** | **सहसचिव श्री मदन दहाल** |
| (क) प्रशासन शाखा | उपसचिव श्री सन्तोष पौडेल |
| (ख) आर्थिक प्रशासन शाखा | उपसचिव श्री सूर्य भण्डारी |
| (ग) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (बालुवाटार) | उपसचिव |
| **५. राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा** | **सहसचिव श्री राजेन्द्र पराजुली** |
| (क) सूचना समन्वय शाखा | उपसचिव श्री |
| (ख) सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा | उपसचिव श्री कविता फुँयाल |
| **६. सामाजिक विकास तथा रूपान्तरण महाशाखा** | **सहसचिव श्री शंकर नेपाल** |
| (क) महिला, बालबालिका, जेष्ठ नागरिक, श्रम तथा सामाजिक सुरक्षा शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| (ख) शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा | उपसचिव श्री भवनाथ खतिवडा |
| **सुशासन तथा प्रादेशिक समन्वय** | **सचिव श्री भरतमणी सुवेदी** |
| **१. शासकीय सुधार महाशाखा** | **सहसचिव श्री नारायण भट्ट** |
| (क) सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा | उपसचिव श्री प्रेम प्रसाद आचार्य |
| (ख) सम्पत्ति शुद्धिकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री कुल बहादुर जि.सी. |
| (ग) हेलो सरकार शाखा | उपसचिव श्री छविलाल पाण्डे |
| **२. प्रादेशिक समन्वय तथा योजना महाशाखा** | **सहसचिव श्री महादेव पन्थ** |
| (क) प्रादेशिक समन्वय शाखा | उपसचिव श्री चक्रपाणि शर्मा |
| (ख) योजना, अनुगमन तथा विपद् समन्वय शाखा | उपसचिव श्री उर्मिला काफ्ले |
| **नतिजा व्यवस्थापन** | **सचिव श्री लक्ष्मण अर्याल** |
| **१. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री शिवादेवी दाहाल** |
| (क) तत्काल समस्या समाधान केन्द्र | उपसचिव श्री सन्तोष प्रसाद दाहाल |

| | |
|---|---|
| (ख) नतिजा विश्लेषण तथा व्यवस्थापन शाखा | उपसचिव श्री ज्ञानहरि घिमिरे |
| (ग) तथ्याङ्क शाखा | उपसचिव श्री शरदकुमार शर्मा |
| (घ) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक श्री मनिष भट्टराई |
| **आर्थिक तथा पूर्वाधार विकास** | **सचिव श्री शिशिर कुमार ढुङ्गाना** |
| **१. लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा** | **सहसचिव श्री ध्रुव घिमिरे** |
| (क) कृषि, वन तथा वातावरण शाखा | उपसचिव श्री शारदा भण्डारी |
| (ख) अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा | उपसचिव श्री यज्ञ पुरी |
| **२. पूर्वाधार विकास महाशाखा** | **सहसचिव श्री कृष्णबहादुर राउत** |
| (क) भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा शाखा | उपसचिव श्री अजिता शर्मा |
| (ख) खानेपानी, सहरी विकास तथा सञ्चार शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| **कानून तथा मानवअधिकार** | **सचिव श्री धनराज ज्ञवाली** |
| **१. कानून तथा फैसला कार्यान्वयन महाशाखा** | सहसचिव |
| (क) कानून शाखा | उपसचिव श्री पिताम्बर भण्डारी |
| (ख) फैसला कार्यान्वयन शाखा | उपसचिव श्री सम्झना खनाल |
| **२. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा** | **सहसचिव श्री कोशलचन्द्र सुवेदी** |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री राजेन्द्र न्यौपाने |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री श्रद्धा रिजाल |

**२०७८ श्रावणदेखि २०७८ असोज मसान्तसम्म अवकाश, सरूवा तथा पदस्थापन भएका कर्मचारीहरूको विवरण**

**अवकाश तथा राजीनामाबाट निवृत्त कर्मचारीहरूको विवरण**

| सि.नं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री दुर्गा अर्याल | कार्यालय सहयोगी |
| २. | श्री राजेन्द्र कुवँर | कार्यालय सहयोगी |

**यस कार्यालयमा सरुवा तथा पदस्थापन भई आएका कर्मचारीहरूको विवरण**

| क्र.सं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १ | श्री शिशिर कुमार ढुङ्गाना | सचिव |
| २ | श्री महेश्वर न्यौपाने | सचिव |
| ३ | श्री मणिराम गेलाल | सचिव |
| ४ | श्री भरतमणि सुवेदी | सचिव |

| क्र.सं. | कर्मचारीको नाम | पद |
|---|---|---|
| ५ | श्री नारायण प्रसाद भट्ट | सचिव |
| ६ | श्री खगेन्द्र प्रसाद नेपाल | सहसचिव |
| ७ | श्री ज्ञान प्रसाद ढकाल | सहसचिव |
| ८ | श्री लक्ष्मण अर्याल | सचिव |
| ९ | श्री सन्तोष प्रसाद दाहाल | उपसचिव |
| १० | श्री जनकराज भट्ट | उपसचिव |
| ११ | श्री राजेश पन्थी | उपसचिव |
| १२ | श्री लक्ष्मण विक्रम थापा | उपसचिव |
| १३ | श्री राजन कुमार वि.सी. | उपसचिव |
| १४ | श्री सुभाष न्यौपाने | शाखा अधिकृत |
| १५ | श्री सुरेश घिमिरे | शाखा अधिकृत |
| १६ | श्री प्रेमराज गौतम | शाखा अधिकृत |
| १७ | श्री अनुप तिमिल्सिना | कम्प्यूटर अधिकृत |
| १८ | श्री सरिता कार्की | कम्प्युटर अपरेटर |
| १९ | श्री रेनुका पोखरेल सुवेदी | ना.सु |

## यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई गएका कर्मचारीहरूको विवरण

| सिनं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री किरण राज शर्मा | सचिव |
| २. | श्री बैकुण्ठ अर्याल | सचिव |
| ३. | श्री शिवलाल तिवारी | सहसचिव |
| ४. | श्री इन्द्र प्रसाद बस्याल | उपसचिव |
| ५. | श्री राजन कुमार वि.सी. | उपसचिव |
| ६. | श्री विनोद कुमार दाहाल | उपसचिव |
| ७. | श्री सुदर्शन श्रेष्ठ | उपसचिव |
| ८. | श्री राजेश पन्थी | उपसचिव |
| ९. | श्री आमोद दाहाल | शाखा अधिकृत |
| १०. | श्री गीता घिमिरे | शाखा अधिकृत |
| ११. | श्री सुजना अर्याल | शाखा अधिकृत |

| सिनं | कर्मचारीको नाम | पद |
|---|---|---|
| १२. | श्री सुनिता तुम्वाहाङ्फे | शाखा अधिकृत |
| १३. | श्री अर्जुन खड्का | कम्प्युटर अधिकृत |
| १४. | श्री कविता गौतम | कम्प्युटर अपरेटर |
| १५. | श्री पुष्पा वाग्ले | कम्प्युटर अपरेटर |
| १६. | श्री बुद्ध कुमार राई | कम्प्युटर अपरेटर |
| १७. | श्री राम कुमार बुढा मगर | कम्प्युटर अपरेटर |
| १८. | श्री सरोज पोखरेल | कम्प्युटर अपरेटर |
| १९. | श्री भक्त बहादुर घर्ती मगर | नायव सुव्वा |
| २० | श्री कल्पना खनाल भट्टराई | नायव सुव्वा |

## ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाहरूबाट आर्थिक वर्ष २०७८/७९ को पहिलो त्रैमासिक अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरूको विवरण निम्नानुसार रहेको छः

- *नेपाल सरकार मन्त्रिपरिषद्का ९ वटा बैठक बसी २६४ वटा निर्णयहरू गरिएको, मन्त्रिपरिषद् समितिको ६ वटा बैठक बसी १४ वटा निर्णय गरिएको ।*
- *केन्द्रीय अनुगमन समितिको बैठक १ पटक, सचिव बैठक २ पटक, विस्तारित उच्च व्यवस्थापन समूह (E-SMT) को बैठक १ पटक, COVID-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) निर्देशक समितिको बैठक १ पटक, बेरुजु फछ्यौंट अनुगमन तथा मूल्याङ्कन समितिको बैठक ४ पटक र निजामती अस्पताल वोर्डको बैठक २ पटक आयोजना गरिएको ।*
- *नेपाल सरकार मन्त्रिपरिषद्को विभिन्न बैठकबाट भएका जम्मा २४१ निर्णयहरूको कार्यान्वयन प्रगति विवरण प्राप्त गरी मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणालीमा अद्यावधिक गरिएको।*
- *अफगानिस्तानमा जारी राजनैतिक संकटका कारण त्यहाँ रहेका नेपाली श्रमिकहरु फिर्ता गर्ने सम्वन्धमा कार्ययोजना बनाई परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समन्वयमा तत्काल कार्य गरी स्वदेश फर्कन चाहने नेपालीहरुको सकुशल उद्धार गर्ने निर्णयहरु गरिएको ।*
- *चालु आर्थिक वर्षका लागि खरिद योजना तयार गरी स्टेशनरी तथा मसलन्द सामग्रीको बोलपत्र आह्वान मार्फत् खरिद प्रक्रिया सम्पन्न गरिएको ।*

- सबै स्थानीय तहहरुलाई यही आब भित्र बालश्रममुक्त घोषणा गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई कार्ययोजना बनाई कार्य गर्न निर्देशन दिईएको ।
- वर्तमान सरकारको २०७८ साल असोज मसान्त सम्म एक तिहाई, २०७८ पुष मसान्त सम्म दुई तिहाई र २०७८ चैत्र मसान्त सम्म खोप लगाउन मिल्ने सबै नेपालीहरुलाई खोप लगाउने प्रतिवद्धताको कार्यान्वयनका लागि यस कार्यालयबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सम्बद्ध पदाधिकारीहरूसँग बैठक गरी आवश्यक समन्वय, सहजीकरण र निर्देशन गरिएको।
- यस कार्यालय र अन्तर्गतका निकायहरूको अनलाइन मनिटरिङ्ग प्रणालीमा प्रविष्ट गरी अनुगमन गर्ने प्रयोजनार्थ आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम बमोजिमका क्रियाकलाप तथा माइलस्टोनहरू तयार गरी प्रणालीमा प्रविष्ट गरेको ।
- AML/CFT सम्बन्धी राष्ट्रिय समन्वय समितिको १०७औं र १०८औं बैठक तथा प्रविधिक सहयोग समूहका विभिन्न ७ वटा बैठक सम्पन्न भएका ।
- AML/CFT प्रणालीसँग सम्वन्धित जटिल प्रकृतिका बहुक्षेत्रीय नीतिगत समस्याहरु समाधानका लागि अध्ययन गरी नियमित रुपमा सुझाव दिन विज्ञ समूह गठन गरिएको ।
- हेलो सरकार कक्षमा विभिन्न माध्यमबाट प्राप्त ३,३२९ गुनासोहरु मध्ये १,४७७ गुनासो फछ्र्यौट गरिएको ।
- यस कार्यालयको एकीकृत अनुगमन प्रणाली monitoring.opmcm.gov.np अद्यावधिक गरिएको।
- तत्काल समस्या समाधान केन्द्र सञ्चालन निर्देशिका परिमार्जनका लागि संशोधित मस्यौदा तयार गरिएको।
- विषयगत मन्त्रालयहरु एवम् राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना लगायत अन्य महत्वपूर्ण आयोजनाहरुले आ.व. २०७८/७९ मा कार्यान्वयन गर्ने विषयहरुको नतिजा सूचक एवम् समय सारिणी सहितको वार्षिक कार्ययोजना तयार गरिएको।
- आ.व.२०७७/७८ को कार्ययोजना बमोजिम विषयगत मन्त्रालयहरुको कार्यसम्पादन प्रगति प्रतिवेदन तयार गरिएको ।
- सामाजिक क्षेत्रका पूर्वाधारहरुको GIS Mapping गरी सार्वजनिक प्रयोजनका लागि सहज स्थानमा उपलब्ध गराउन कार्यदल गठन भएको । सो कार्यका लागि आवश्यक नीति, कार्यविधि, मेटाडाटा र कार्ययोजनाको प्रथम मस्यौदा तयार गरिएको ।
- विदेशी लगानी नीति, २०७१ को अध्ययन प्रतिवेदन तयार गरिएको।

- *Doing Business Report, 2022 का लागि नेपाल सरकारको तर्फबाट प्रतिवेदन तयारी, पेश र विश्व बैंकसँग परामर्श तथा गोष्ठी (भर्चुअल) सम्पन्न गरिएको।*
- *"सैनिक सेवा (चौथो संशोधन) नियमावली, २०७८" र "वी.पी कोइराला राष्ट्रिय पुरस्कार सम्बन्धी कार्यविधि, २०७८" मस्यौदा परिमार्जन गरी मन्त्रिपरिषद् बैठक शाखामा पेश गरेको ।*
- *यस कार्यालय समेत विपक्षी भएको मुद्दामा सम्मानित अदालतबाट भएको आदेश (थान ५०) कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको।*
- *सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार,मन्त्रिपरिषद्, संवैधानिक परिषद्, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुबाट म्याद प्राप्त हुन आएका १७३ थान मुद्दाहरुको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।*
- *Second Self-Assessment Checklist Report प्रतिवेदनको समकक्षी पुनरावलोकन (Peer Review) को सम्बन्धमा आवश्यक तयारी गर्नको लागि १५ जना सरकारी विज्ञहरूको मनोनयन गरिएको ।*
- *मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष समाधिकक्षहरुले माग गरेको जानकारी तथा प्रश्नावली एवं संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिमा परेका उजुरी तथा सो को ताकेताको जवाफका साथै अन्य माग भएको जानकारी उपर नेपाल सरकारले पेश गर्नुपर्ने १५ वटा जवाफको तयारी गरिएको ।*
- *राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त हुन आएका ६ वटा सिफारिसहरु कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय तथा निकायमा पठाइएको ।*
- *नेपालका लागि मित्रराष्ट्र मौरिससका गैरआवासीय राजदूत नियुक्तिका लागि सहमति प्रदान गरिएको ।*
- *सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम माग भएका २१ वटा सूचना प्रदान गरिएको ।*

यस अवधिमा विभिन्न महाशाखा/शाखाहरूबाट सम्पादन भएका मुख्य-मुख्य कार्यहरूको विवरण यसप्रकार रहेको छः

## ५.१ प्रधानमन्त्रीको निजी सचिवालय

सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालयबाट भएको पत्राचार विवरणः

| सि.न. | पत्र प्राप्त निकाय/संस्था/व्यक्ति | संख्या |
|---|---|---|
| १. | मन्त्रालय/निकायमा कार्यार्थ पठाइएका पत्र (बाह्य) | २५३ |
| २. | महाशाखा/शाखामा कार्यार्थ पठाइएका निवेदनहरू | ३८० |
| ३. | टिप्पणी दर्ता | ३०० |
| ४. | टिप्पणी सदर | २७६ |
| ५. | माननीय उपप्रधानमन्त्री/मन्त्री/राज्यमन्त्रीज्यूहरूको भ्रमण स्वीकृति | ९ |
| ६. | विश्वविद्यालयसम्बन्धी पत्रहरू | ८ |

## ५.२ मुख्य सचिवको सचिवालय

- २०७८ साल साउनदेखि असोज महिनासम्म १९ वटा मन्त्रिपरिषद् बैठक र मन्त्रिपरिषद् समितिको ६ वटा बैठक तथा निर्णयहरु व्यवस्थापनका कार्यमा सञ्चार, समन्वय तथा सहजीकरण गरेको।
- मुख्य सचिवज्यूको अध्यक्षतामा बसेको २ वटा सचिव बैठक, विस्तारित उच्च व्यवस्थापन समूह (E-SMT) को १ वटा वैठक, छात्रवृत्ति समितिको १ वटा बैठक, COVID-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) निर्देशक समितिको १ वटा बैठक, केन्द्रीय अनुगमन समितिको बैठक १ पटक र विषयगत मन्त्रालयका सचिव, सह-सचिव, अन्य तहका पदाधिकारीहरुको सहभागिता रहेको ४० वटा विषयगत बैठकको व्यवस्थापकीय कार्य एवं निर्णय कार्यान्वयनको लागि सहजीकरण गरेको।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आयोजित ९२ वटा तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा आयोजित ६ वढुवा समितिको बैठकमा मुख्य सचिवलाई सहभागी गराई विभिन्न तहका कर्मचारीहरुको वढुवा सम्वन्धी काममा सहजीकरण गरेको।
- बेरुजु फछ्यौंट अनुगमन तथा मूल्याङ्कन समितिको ४ वटा तथा निजामती अस्पताल वोर्डको २ वटा बैठकको आयोजना गरी वैठकको निर्णय कार्यान्वयनको लागि सम्वन्धित निकायमा पठाउने सम्मको कार्यमा सहजीकरण गरेको।

- यस अवधिमा जम्मा करिब ८००० पटक टेलिफोनमार्फत र ५५० व्यक्तिलाई प्रत्यक्ष भेटघाटमार्फत, नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरुलाई करिब १९ पटक Group SMS र Group Mail मार्फत जनसम्पर्क गरी सेवा सहजीकरण/समन्वय गरेको।
- ९४ वटा दैनिक कार्यक्रम मुख्य सचिवज्यू समक्ष प्रस्तुत गरी कार्यक्रमका सम्बन्धमा आदेश भए बमोजिम संचार, समन्वय, सहजीकरण र अन्य व्यवस्थापकीय कार्य गरेको। कार्यक्रमले निर्दिष्ट गरे बमोजिम Documents तयारी, बैठक आयोजना, अतिथि सत्कार लगायत काम समेत गरेको।
- २०७ वटा पत्रहरु E-Registration गरी मुख्य सचिवज्यू समक्ष प्रस्तुत गरी आदेशानुसार Online बाट नै कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यूहरु समक्ष पठाउने काम भएको।
- लिखित रुपमा तथा टेलिफोनबाट प्राप्त करिव ४५ ओटा गुनासोहरुको सुनुवाई सम्वन्धमा सहजीकरण गरेको।
- नेपाल सरकारका सचिवहरुको ४८ वटा स्वदेश भ्रमण तथा १० वटा विदाको Digital अभिलेख राख्नुका साथै सचिवहरुबाट प्रस्तुत गर्नु भएको स्वदेश भ्रमणको प्रतिवेदन कार्यान्वयनको लागि प्र.म.कार्यालयका सम्बन्धीत सचिव समक्ष प्रस्तुत गर्ने कार्य गरेको र एकप्रति सचिवालयमा समेत अभिलेख राख्ने कार्य गरेको। सचिवहरुको हाजिरी र परिचयपत्र व्यवस्थापन सम्बन्धी कार्यहरुलाई निरन्तरता दिएको।
- संवैधानिक अङ्गका पदाधिकारी, प्रदेश प्रमुख, नेपाल सरकारका सचिवहरु र अन्य विभागीय प्रमुखहरुको सम्पर्क नम्बर, E-mail Address र वरियताक्रम अध्यावधिक गर्ने कार्यलाइ निरन्तरता दिएको।
- फ्रान्स, कोरिया, बेलायत, चीन, भारत लगायतका महामहिम राजदूत तथा संयुक्त राष्ट्रसंघीय प्रतिनिधिसँग भेटघाट गराउने पूर्व तयारी सम्बन्धी सबै कार्य गरेको। Talking Point बनाई अभिलेख राखेको। परराष्ट्र मन्त्रालयसँग समन्वय गर्नुपर्ने कार्य गरेको/गराईएको।
- २० वटा विभिन्न प्रतिनिधि मण्डलसँग भेट गराउने कार्यमा समन्वय गरेको।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण तथा राष्ट्रिय विपत जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका पदाधिकारीहरुको संलग्नतामा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको Exit Plan लगायतका विषयमा भएको छलफल कार्यक्रमको सहजीकरण गरेको।
- यस वर्षको वाढीबाट प्रभावित भएको मेलम्ची खानेपानी आयोजना सुचारु गरी काठमाडौं उपत्यकामा स्वच्छ खानेपानी नियमित रुपमा आर्पूति गर्ने सम्वन्धमा भएको वैठकका लागि आवश्यक पर्ने विषयवस्तुमा सहजीकरण गरेको।
- अफगानिस्थानमा भएको राजनीतिक परिवर्तनबाट प्रभावित नेपाली नागरीकको उद्धार सम्वन्धमा भएको वैठकको व्यवस्थापनमा सहजीकरण गरेको।

- श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा केन्द्रीय सचिवालय व्यवस्थापन निर्देशक समितिको बैठक आयोजना गर्ने कार्यमा सहजीकरण गरेको।
- खाद्यान्न वस्तुहरुमा गूणस्तर कायम गर्ने, प्लास्टिक झोला प्रतिवन्ध कार्ययोजना, फोहोर Recycling Policy, रासायनिक मल आर्पूति, ई. पि. एस. प्रणाली अन्र्तगत कोरिया कामदार पठाउने लगायतका महत्वपूर्ण विषयहरुको वैठक व्यवस्थापनमा सहजीकरण गरेको।
- सहसचिवहरुको सरूवालाई व्यवस्थित बनाउन श्रीमान् मुख्य सचिवले सङ्घीय मामिला तथा सामान्य प्रशासनका सचिवहरु र अन्य पदाधिकारीहरुसँग ५ पटक बैठकको आयोजना गर्ने कार्यमा सहयोग पुऱ्याईएको।
- Make in Nepal अभियान सम्बन्धमा सम्पन्न ३ वटा बैठक आयोजनामा समन्वय गरेको।
- चिकित्सा शिक्षा आयोगमा देखापरेका समस्या समाधानार्थ बैठकको आयोजना, सो को लागि सञ्चार समन्वय सम्बन्धी कार्य गरेको। चाइनाबाट Medical अध्ययन सकेर बसेकाहरूलाई (नेपालमा) नै Internship गर्ने सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी समाधानार्थ आयोजित छलफल कार्यक्रमको व्यवस्थापन गरेको।
- Lincon School को अनुमति दिने सम्बन्धमा देखिएको समस्या समाधानका लागि सम्वन्धित निकायहरुलाई आमन्त्रण गरी आयोजना गरिएको बैठकमा सहयोग गरेको। नीति अनुसन्धान प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा लगानी बोर्डको बैठकमा मुख्य सचिवलाई सहभागी गराउने कार्यमा समन्वय गरेको। बैठकमा छलफलका लागि Talking Point तयार गरी प्रस्तुत गर्ने वा सम्बन्धित बैठकसँग सम्बन्धी कागजात निकायहरुबाट प्राप्त गरी मुख्य सचिवज्यूलाई उपलब्ध गराउने कार्य गरेको।
- सिंहदरवार केन्द्रीय सचिवालय निर्देशक समितिको सदस्य सचिवबाट सिंहदरवारको Master Plan सम्बन्धी प्रस्तुतीकरण गर्ने कार्यमा समन्वय र सहजीकरण गरेको।
- राष्ट्रिय विज्ञान दिवस, २०७८ को मूल समारोहको Virtual बैठकमा मुख्य सचिवज्यूको सहभागिता सम्बन्धमा पूर्वतयारी एवं गोरखापत्र दैनिकमा सन्देश प्रकाशन गर्ने कार्यमा सहजीकरण गरेको।
- बेलायतमा आयोजना हुन गईरहेको COP-२६ को विश्वसम्मेलन भाग लिने सम्बन्धको पूर्वतयारी ५ ओटा बैठक आयोजना गर्ने सम्बन्धी व्यवस्थापकीय सबै कार्य गरेको।
- फेवातालको तथा हुम्ला जिल्लाको सिमा समस्या सम्बन्धमा सम्बन्धित मन्त्रालयका पदाधिकारीहरुसँगको छलफल कार्यक्रम आयोजना गर्ने कार्यको समन्वय गरेको।
- स्वच्छ ऊर्जा खपत सम्बन्धी बैठक र उपभोक्ता हकहित संरक्षण सम्बन्धी बैठकमा आवश्यक सहजीकरण गरेको।
- खाद्य वस्तुको गुणस्तर कायम गर्ने, Mobile Device Management System, लिक्विड अक्सिजन Plant उद्योग, कोभिड-१९ विरुद्धको खोप सम्बन्धी बैठकमा सहजीकरण गरेको।

- संघीय संसद सुशासन र दिगो विकास समितिले आयोजना गरेको बैठकमा मुख्य सचिवलाई सहभागी गराईएको तथा सो को लागि आवश्यक छलफलका बुँदा तयार गरी प्रस्तुत गरेको।
- संयुक्त सरकारको साझा न्यूनतम कार्यक्रम सम्बन्धी मस्यौदा तयारीका लागि बैठक आयोजना गर्ने र अन्य Logistic सहयोग सम्बन्धी कार्यमा सहयोग गरेको।
- प्रदेश प्रमुखहरुको सपथ, मन्त्रीज्यूहरुको सपथ कार्यक्रममा मुख्य सचिव, सचिवलाई सूचना दिने कार्य गरेको र आवश्यक Logistic व्यवस्थाका लागि सञ्चार/समन्वय गरेको।
- सार्वजनिक खरिद नियमावली, विषादी नियन्त्रण तथा राष्ट्रिय सदाचार नीति सम्वन्धी बैठकमा सहजीकरण गरेको।
- महालेखापरीक्षकद्वारा औल्याईएको बेरूजु सम्बन्धी सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा हुने बैठकको लागि आवश्यक व्यवस्थापन एवं सहजीकरण गरिएको ।
- निजामती सेवा दिवस र निजामती पुरस्कार सम्बन्धमा आवश्यक समन्वय एवं सहजीकरण गरिएको ।
- राष्ट्रिय सुरक्षा परिषद्को बैठकको लागि पूर्वतयारी एवं Agenda प्रस्तुत र अन्य यस सम्बन्धी कार्यमा सहजीकरण गरेको।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

### ५.३ मन्त्रिपरिषद् बैठक शाखा

| महिना | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|
| साउन | ७ | ७८ |
| भदौ | ७ | १०० |
| असोज | ५ | ८६ |
| जम्मा | १९ | २६४ |

नेपाल सरकार मन्त्रिपरिषद् बैठकका निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

### ५.४ मन्त्रिपरिषद् समिति तथा संवैधानिक निकाय शाखा

२०७८ साउनदेखि २०७८ असोजसम्मको प्रगति विवरण

मन्त्रिपरिषद् समिति बैठक र निर्णय संख्या (२०७८ श्रावणदेखि असोज मसान्तसम्म)

| क्र.सं. | मन्त्रिपरिषद् समिति | बैठक संख्या | निर्णय संख्या |
|---|---|---|---|
| १. | प्रशासन समिति | २ | १० |
| २. | सामाजिक समिति | ० | ० |
| ३. | आर्थिक तथा पूर्वाधार समिति | २ | २ |
| ४. | विधेयक समिति | २ | २ |
| | जम्मा | ६ | १४ |

मन्त्रिपरिषद् समिति बैठक तथा निर्णय संख्या (मासिक)

| क्र. सं. | महिना | प्रशासन समिति | | सामाजिक समिति | | आर्थिक तथा पूर्वाधार समिति | | विधेयक समिति | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | *बैठक संख्या* | *निर्णय संख्या* | *बैठक संख्या* | *निर्णय संख्या* | *बैठक संख्या* | *निर्णय संख्या* | *बैठक संख्या* | *निर्णय संख्या* |
| १. | २०७८ साउन | - | - | - | - | - | - | - | - |
| २. | २०७८ भदौ | १ | ५ | - | - | - | - | २ | २ |
| ३. | २०७८ असोज | १ | ५ | - | - | २ | २ | - | - |
| जम्मा | | २ | १० | - | - | २ | २ | २ | २ |

- मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## ५.५ मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन शाखा

- नेपाल सरकार मन्त्रिपरिषद्को विभिन्न बैठकबाट भएका जम्मा २४१ निर्णयहरूको कार्यान्वयन प्रगति विवरण प्राप्त गरी मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणालीमा अद्यावधिक गरिएको।
- राजनीतिक प्रकृतिका नियुक्ति/मनोनयनको पदपूर्ति सम्बन्धी विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणालीमा अद्यावधिक भएको।
- नेपाल सरकारका सबै केन्द्रीय निकायहरूलाई मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको कार्यान्वयन प्रगति विवरण अद्यावधिक गर्ने सम्बन्धमा पत्राचार गरिएको।

# प्रशासन महाशाखा

## ५.६ प्रशासन शाखा

- कार्यालय र मातहतका निकायको जनशक्ति व्यवस्थापनसम्बन्धी कार्य अन्तर्गत कर्मचारीको नियुक्ति, सरुवा, काज, हाजिरी, बिदा, बढुवा, पुरस्कार, तालिम, छात्रवृत्ति मनोनयन, निवृत्तिभरण र अवकाश सम्बन्धित कार्यहरू गरिएको,
- कार्यालयमा कार्यरत राजपत्राङ्कित द्वितीय श्रेणी सम्मका कर्मचारीहरू र मातहतका कार्यालयमा कार्यरत राजपत्राङ्कित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी कार्य गरिएको,

- कार्यालयको दैनिक प्रशासन सञ्चालन तथा आन्तरिक व्यवस्थापनको कार्य गरिएको,
- आगामी आर्थिक वर्षका लागि खरिद योजना तयार गरिएको,
- कार्यालयमा स्टेशनरी तथा मसलन्द सामग्रीको बोलपत्र आह्वान मार्फत् खरिद प्रक्रिया सम्पन्न गरिएको,
- कार्यालयमा सरसफाइ सेवा खरिदको लागि बोलपत्र आह्वान भइ खरिद प्रक्रिया अन्तिम चरणमा रहेको,
- सचिव बैठक लगायतका अन्य बैठकको व्यवस्थापन तथा निर्णय कार्यान्वयनका लागि समन्वय गरिएको।
- कार्यालय हाताभित्र सरसफाइ, हरियाली प्रवर्द्धन सम्बन्धी कार्य गरिएको।

## ५.७ आर्थिक प्रशासन शाखा

सरकारी कोषहरुको संचालन, निकासा तथा खर्चको लेखाङ्कन वित्तीय विवरणहरुको तयारी, आन्तरिक नियन्त्रण व्यवस्थामा सहयोग पुऱ्याउने, लेखापरीक्षण गराउने, बेरुजुहरुको लगत राखी बेरुजु फछ्यौंट गर्ने/गराउने, स्रोतमा कर कट्टी (TDS) लाई आन्तरिक राजस्व विभागले तयार पारेको Software मार्फत् प्रविष्टि गर्ने, वित्तीय विवरणहरु तयार गरी यथासमयमा सम्बद्ध निकायहरुमा नियमित रुपमा पठाउने तथा विभिन्न महाशाखा/शाखाबाट माग गरिएको आर्थिक प्रशासनसँग सम्बन्धित राय समयमा नै उपलब्ध गराउने आदि कार्यहरु आर्थिक प्रशासन शाखाबाट नियमित रुपले सम्पादन हुँदै आएका छन् ।

(बजेट अंकसम्बन्धी थप विवरण यसै प्रतिवेदनको सि.नं ८ मा समावेश गरिएको छ)

## ५.८ सूचना प्रविधि शाखा

- Studio मा सेट निर्माणको कार्य सम्पन्न भएको
- नतिजा व्यवस्थापन महाशाखाको बैठक हलमा Video Conference को लागि पूर्वाधार तयार गरिएको
- Server Virtualization र SSL Certificate खरिदका लागि TOR स्वीकृत गरिएको
- पुरानो कार्यालयको भवनबाट Retrofitted भवनमा Action Room स्थानान्तरण गरिएको
- Integrated Online Monitoring System र Grievance Management System को स्तरोन्नतीको लागि TOR स्वीकृत पश्चात् खरिद कार्य अगाडी बढाइएको
- National Data Bank पोर्टल निर्माण प्रयोजनार्थ TOR तयार गरी स्वीकृत गरिएको
- AML CFT को पोर्टल निर्माण प्रयोजनार्थ EOI को मूल्याङ्कन कार्य अगाडी बढाइएको
- शाखा प्रमुखको अध्यक्षतामा गठित सरसफाइ सेवा खरिद कार्यको मूल्याङ्कन समितिको कार्य सम्पन्न गरी पेस गरिएको

- ल्यापटप कम्प्युटर उपयोगसम्बन्धी मापदण्ड निर्माण र कार्यान्वयनका लागि कमिटि गठन र कार्य अगाडी बढाइएको
- विभिन्न समयमा कार्यालयको बेवसाइट अद्यावधिक गरिएको
- करिब ९० जना कर्मचारीको परिचयपत्र छपाई गरिएको
- कार्यालयमा प्रयोगमा रहेका विभिन्न प्रणालीमा बेला बखत आइरहने समस्या पहिचान गरि समाधान गरिएको
- कार्यालयका अन्य शाखामा आएका सूचना प्रविधि सम्बन्धी समस्याहरू समाधान गरिएको ।

## सामाजिक विकास तथा रूपान्तरण महाशाखा

### ५.९ महिला, बालबालिका जेष्ठ नागरिक श्रम तथा रोजगार शाखा

- अफगानिस्तानमा जारी राजनैतिक संकटका कारण त्यहाँ रहेका नेपाली श्रमिकहरु फिर्ता गर्ने सम्वन्धमा श्रीमान् मुख्य सचिवज्यूको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिवहरुको उपस्थितिमा वैठक बसी कार्ययोजना बनाई परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको समन्वयमा तत्काल कार्य गरी स्वदेश फर्कन चाहने नेपालीहरुको सकुशल उद्धार गर्ने लगायतका निर्णयहरु गरिएको ।
- कोरियन भाषा परीक्षा पास गरी बसेका कामदारहरुलाई रोजगार अनुमती प्रणाली (EPS) मार्फत दक्षिण कोरिया पठाउने प्रक्रिया अगाडि बढाउन विभिन्न चरणमा बैठक बसी आवश्यक कार्य भैरहेको ।
- सामाजिक सुरक्षा कोष सम्वन्धमा वैठक बसी राष्ट्रिय सामाजिक सुरक्षा नीतिको खाका तयार गर्न राष्ट्रिय योजना आयोगलाइ अनुरोध गरिएको ।
- सबै स्थानीय तहहरुलाई यही आ.ब. भित्र बालश्रममुक्त घोषणा गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई कार्ययोजना बनाई कार्य गर्न निर्देशन दिईएको ।

### ५.१० शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा

- वर्तमान सरकारको २०७८ साल असोज मसान्त सम्म एक तिहाई, २०७८ पुष मसान्त सम्म दुई तिहाई र २०७८ चैत्र मसान्तसम्म खोप लगाउन मिल्ने सबै नेपालीहरुलाई खोप लगाउने प्रतिवद्धताको कार्यान्वयनका लागि यस कार्यालयबाट स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सम्बद्ध पदाधिकारीहरूसँग बैठक गरी आवश्यक समन्वय, सहजीकरण र निर्देशन गरिएको।
- मित्रराष्ट्र चीनका विभिन्न विश्वविद्यालयहरूमा चिकित्सा शिक्षा अध्ययन गरी सैद्धान्तिक अध्ययन पुरा गरेका तर कोभिड-१९ का कारण नेपालमा फर्किई प्रयोगात्मक अध्ययन (ईन्टर्नसिप) पुरा

गर्न बाँकी रहेका विद्यार्थीहरूलाई राष्ट्रिय चिकित्सा शिक्षा आयोगसँग समन्वय गरी नेपालका अस्पतालहरूमा नै ईन्टर्नसिप गर्ने व्यवस्था मिलाइएको।

- विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा देखिएका समस्याहरू पहिचान गरी समस्या समाधानका लागि अध्ययन तथा छानविन गर्न सम्माननीय प्रधानमन्त्रीज्यूबाट यस कार्यालयका तत्कालिन सचिव डा.बैकुण्ठ अर्यालको संयोजकत्वमा गठित कार्यदलले पेश गरेको प्रतिवेदन कार्यान्वयनका लागि स्वास्थ्य तथा जनसङ्या मन्त्रालयमा पठाइएको ।
- लुम्बिनी क्षेत्रभित्र आउने पर्यटक तथा त्यहाँ रहने भिक्षु तथा प्रभावित क्षेत्रका जनताहरूको लागि गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने अस्पताल स्थापनाका लागि सम्बद्ध पक्षसँग छलफल गरिएको।
- माध्यमिक तह/उच्च माध्यमिक तह र विभिन्न विश्वविद्यालयहरूद्वारा जारी गरिएका शैक्षिक प्रमाणपत्रहरूको विद्युतीकरण(Digitization) गरी त्यसको उपयोग बृद्धि गर्ने सम्बन्धमा सम्बन्धित निकायका प्रतिनिधिहरूसँग सघन छलफल गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सूचना प्रविधि विज्ञको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन भई उक्त समितिले कार्य गरिरहेको।

## प्रादेशिक समन्वय तथा योजना महाशाखा

### ५.११ प्रादेशिक समन्वय शाखा

- संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध तथा समन्वय) ऐन, २०७७ को दफा २२ बमोजिम विभिन्न विषयगत समिति र दफा २४ बमोजिम सबै प्रदेश समन्वय परिषद्ले सम्पादन गरेका कार्यप्रगति विवरण माग गरिएको,
- संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना कार्यान्वयन सम्बन्धमा विभिन्न विषयगत मन्त्रालय/ निकाय तथा सबै प्रदेशबाट कार्यविवरण माग गरिएको,
- रुकुम पश्चिम जिल्ला अन्तर्गत मुसिकोट नगरपालिकाको केन्द्र हेरफेर सम्बन्धमा सम्बन्धित निकायमा पत्राचार गरिएको,
- बाजुरा जिल्लाको जगन्नाथ गाउँपालिका र कालिकोट जिल्लाको सान्नी त्रिवेणी गाउँपालिकाको वडाहरूको संख्या र सिमाना हेरफेर तथा बाजुरा जिल्लाको स्वामीकार्तिक खापर गाउँपालिका, बडिकेदार गाउँपालिका, हिमाली गाउँपालिका र दार्चुला जिल्लाको मार्मा गाउँपालिका र नौगाड गाउँपालिकाको वडा विभाजन सम्बन्धमा आवश्यक कार्यार्थ सम्बन्धित निकायमा पत्राचार गरिएको,
- सुर्खेत जिल्लास्थित वीरेन्द्रनगर नगरपालिकालाई उपमहानगरपालिका घोषणा गर्ने सम्बन्धमा आवश्यक कार्यार्थ सम्बन्धित निकायमा पत्राचार गरिएको,

- कीर्तिपुर नगरपालिका, काठमाडौं र चीनको Hubai प्रान्तको Huanggang शहरबीच भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धमा सम्बन्धित निकायमा पत्राचार गरिएको,
- विभिन्न विषयमा संघीय तथा प्रादेशिक निकायहरूमा पत्राचार तथा समन्वय गरिएको ।

## ५.१२ योजना, अनुगमन तथा विपद् समन्वय शाखा

- यस कार्यालय र अन्तर्गतका निकायहरूको अनलाइन मनिटरिङ्ग प्रणालीमा प्रविष्ट गरी अनुगमन गर्ने प्रयोजनार्थ आर्थिक वर्ष २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम बमोजिमका क्रियाकलाप तथा माइलस्टोनहरू तयार गरी प्रणालीमा प्रविष्ट गरेको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायहरुको समेत अनलाइन मनिटरिङ प्रणालीमा रहेका क्रियाकलाप तथा माइलस्टोनहरूको मासिक प्रगति प्रविष्ट गरिएको। अन्तर्गतका निकायहरूको मुख्य मुख्य क्रियाकलाप र माइल्स्टोनहरु अनलाइन मनिटरिङ्ग प्रणाली मार्फत् अनुगमन गरिएको ।
- बजेट प्रतिस्थापन विधेयक बमोजिम यस कार्यालयको आन्तरीक वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरिएको तथा अन्तर्गतका निकायहरूको सोही कार्ययोजना तयार गर्नका लागि सहजीकरण गरिएको ।
- नेपाल ट्रष्टको कार्यालय अन्तर्गत रहेका चितवन, हेटौंडा र काठमाडौंमा रहेका सम्पत्तिहरूको भौतिक तथा सञ्चालनको अवस्थाको बारेमा अनुगमन निरीक्षण गरी उपयोगको आवश्यक रणनीति बनाउन ट्रष्टको कार्यालयलाई निर्देशन दिइएको ।

# राष्ट्रिय सुरक्षा तथा कूटनीति समन्वय महाशाखा

## ५.१३ सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा

### ५.१३.१ सूचनाको हक कार्यान्वयन

आर्थिक वर्ष २०७८/७९ को पहिलो त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारीलाई सम्बोधन गरी प्राप्त भएका २१ वटा निवेदनमा आवश्यक कारवाही गरी सूचना उपलब्ध गराइएको । अन्य निकायसँग सम्बन्धित निवेदनहरू आवश्यक कारवाहीका लागि तत् तत् निकायमा लेखी पठाइएको । (थप विवरण प्रतिवेदनको <u>सि.नं १०</u> मा समावेश गरिएको छ)

### ५.१३.२ राजदूत नियुक्तिका लागि सहमति

नेपालसँग दौत्यसम्बन्ध कायम भएका मुलुकहरूको राजदूतले पेस गर्ने ओहदाको प्रमाण-पत्र (Credential) सम्बन्धी कार्यहरूको सहजीकरण गर्न यस शाखालाई तोकिएको जिम्मेवारीअन्तर्गत यस शाखाबाट विभिन्न मित्रराष्ट्रका आवासीय र गैर-आवासीय राजदूतहरूको नियुक्तिको

सहमतिसम्बन्धी कार्य सम्पादन गरिएको । आ.व. २०७८/७९ को पहिलो त्रैमासिक अवधिमा निम्नानुसारका मित्रराष्ट्रका आवासीय र गैर-आवासीय राजदूतहरूको सहमति प्रदान भएको:

| क.सं | राजदूतको नाम | मित्र राष्ट्रको नाम | सहमति प्रदान गरिएको मिति | आवासीय/ गैरआवासीय |
|---|---|---|---|---|
| १. | H.E. Mrs. Santi Bai Honoomanjee, CGSK | मौरिसस | २०७८/०६/११ | गैरआवासीय |

### ५.१३.३ भेटघाट समन्वय

प्रदेश तहका माननीय मुख्यमन्त्री र माननीय मन्त्रीज्यूहरूसँग विदेशी कूटनीतिक नियोग तथा अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधिहरूले गर्ने भेटघाटको सहजीकरणको कार्य समेत यो शाखाबाट हुँदै आएकोमा आ.व. २०७८/७९ को पहिलो त्रैमासिक अवधिमा विभिन्न विदेशी कूटनीतिक नियोग तथा अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधिहरूका निम्न भेटघाट कार्यक्रमको समन्वय एवम् सहजीकरण गरिएको:

- २६-३० सेप्टेम्बर, २०२१ सम्म कर्णाली प्रदेशमा सञ्चालित विभिन्न आयोजनाहरूको स्थलगत भ्रमण गर्ने उद्देश्यले नेपालमा रहेको यूरोपियनका प्रतिनिधिमण्डलका विकास सहायता प्रमुख Dr. Macro Gemmer र परियोजना व्यवस्थापक Stephane David लगायत सम्मिलित टोली र कर्णाली प्रदेशका मुख्यमन्त्रीलगायत पदाधिकारीहरूबीचको भेटघाट ।
- ४ अक्टोबर, २०२१ मा कर्णाली प्रदेशको भ्रमणका क्रममा UK Prime Minister's Special Envoy for Girl's Education Rt. Hon. M. Helen Grant MP र कर्णाली प्रदेशका मुख्यमन्त्री एवम् अन्य पदाधिकारीहरूसँगको भेटघाट समन्वय ।

### ५.१३.४ अन्य नियमित कार्यहरू

- प्रदेश १ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्राललगायतका निकायहरूमा सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयनको अवस्थाबारे अनुगमन गरिएको । त्यसक्रममा ती निकायहरूले प्रवक्ता, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको, सूचना तथा प्रेस विज्ञप्तिहरू नियमित रूपमै निकाल्ने गरेको, आम्दानी खर्चको विवरण सार्वजनिक गर्ने गरेको पाइए पनि सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ बमोजिमको विवरण सार्वजनिक गर्ने गरेको नपाइएको ।
- सम्बन्धित प्रदेशबाट सिफारिस भई आएका प्रदेशअन्तर्गतका विभिन्न निकायहरूमा कार्यरत ५ जना कर्मचारीहरूको विशेष राहदानी सिफारिस गरिएको ।
- राष्ट्रिय सूचना आयोगको बैठकले गरेका निर्णय कार्यान्वयन सम्बन्धमा केन्द्रीय निकायहरूसँग आवश्यक समन्वय गरिएको ।

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित आर्थिक वर्ष २०७७/७८ को तेस्रो त्रैमासिक विवरण तयार गरी सो विवरण कार्यालयको वेबसाइटमार्फत् सार्वजनिक गर्नुका साथै राष्ट्रिय सूचना आयोगमा समेत पठाउने व्यवस्था मिलाइएको ।
- चिठीपत्रलगायत शाखाका अन्य नियमित कार्यहरू गरिएको ।

## शासकीय सुधार महाशाखा

### ५.१४ सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार निगरानी शाखा

- **सचिव बैठकः** नेपाल सरकारका मुख्य सचिव श्रीमान् शंकरदास बैरागीज्यूको अध्यक्षतामा मिति २०७८/०४/१३ गते र २०७८/०५/१३ गते सचिव बैठक सम्पन्न भई सचिव बैठकको निर्णय कार्यान्वयनको लागि सबै मन्त्रालय तथा निकायमा पठाइएको।
- **उच्च व्यवस्थापन समूहको (E-SMT) बैठकः** मिति २०७८।०६।२० गते नेपाल सरकारका मुख्य सचिव श्रीमान् शंकरदास बैरागीज्यूको अध्यक्षतामा बसेको विस्तारित उच्च व्यवस्थापन समूह (E-SMT) बैठक तथा विजया दशमी, तिहार र छठ पर्वको अवसरमा शुभकामना आदन-प्रदान सहित सम्पन्न भएको।
- **अख्तियार दुरुपयोग अनुसन्धान आयोगः** आयोगको तीसौं वार्षिक प्रतिवेदन आ.व. २०७६/७७ मा भएको ७२ बुँदे सुझाव कार्यान्वयन सम्बन्धमा विभिन्न मन्त्रालय/निकाय/आयोगबाट भएको प्रतिवेदन संकलन गरी आयोगमा पठाइएको।
- **उजुरी/गुनासोहरुको संवोधनः** विभिन्न व्यक्ति/संस्थाहरूबाट प्राप्त ज्ञापनपत्र/ उजुरी/ गुनासोहरू सम्बोधनको लागि सम्बन्धित मन्त्रालय/निकायमा आवश्यक कारवाहीको लागि लेखी पठाइएको।
- **सम्पत्ति विवरण संकलन एवम् अभिलेख व्यवस्थापनः** यस शाखामा प्राप्त भएको संवैधानिक निकायका पदाधिकारी, महान्यायाधिवक्ता, राष्ट्रपति तथा उपराष्ट्रपतिबाट मनोनीत तथा नियुक्त अन्य पदाधिकारी, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरू र प्रदेश प्रमुखहरूको सम्पत्ति विवरण रेकर्ड गरी राष्ट्रिय सतर्कता केन्द्रको वेभसाईटमा अनलाईन प्रविष्ट गरिएको।

### ५.१५ सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

- नियमनकारी, अनुसन्धानकारी तथा अन्य सबै सम्बद्ध निकायहरुको सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-८१) र सो को पूरक कार्ययोजना समेतको कार्यान्वयनको अवस्थाबारे ताकेता, प्राप्त

प्रगति र सम्पर्क बिन्दु तथा सम्पर्क व्यक्तिहरुको विवरण निरन्तर रुपमा अद्यावधिक गरिएको ।

- राजस्व अनुसन्धान विभाग मातहतका कार्यालयबाट विभिन्न मितिमा जफत भई नेपाल सरकारको नाममा कायम भएका ९ वटा मोटरसाइकलहरु विभिन्न सरकारी निकायहरुमा हस्तान्तरण गर्ने सम्बन्धमा निर्णय गरिएको ।
- राजस्व अनुसन्धान सम्बन्धी प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०७८-८३) तथा राजस्व गस्ति परिचालन सम्बन्धी निर्देशिका, २०७८ को सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको ।
- AML/CFT सम्बन्धी राष्ट्रिय समन्वय समितिको १०७औं र १०८औं बैठक सम्पन्न भएका ।
- AML/CFT सम्बन्धी प्रविधिक सहयोग समूहका विभिन्न ७ वटा बैठक सम्पन्न भएका ।
- विश्व बैंकको आयोजनामा राष्ट्रिय जोखिम मूल्याँकन प्रतिवेदनको कार्यान्वयनको अवस्था सम्बन्धी भर्चुअल बैठकमा सहभागी भएको ।
- सम्पति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी “APG Virtual Pre-Mutual Evaluation Assistance to Nepal सम्बन्धी बैठकमा सबै निकायको सहभागिता सम्वन्धी व्यवस्थापन र भाग लिएको ।
- AML/CFT प्रणालीसँग सम्वन्धित जटिल प्रकृतिका बहुक्षेत्रीय नीतिगत समस्याहरु समाधानका लागि अध्ययन गरी नियमित रुपमा सुझाव दिन विज्ञ समूह गठन गरिएको ।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कबादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-८१) र सो को पूरक कार्ययोजना समेतको कार्यान्वयनको सम्बन्धमा वार्षिक प्रगति प्रतिवेदन लेखन कार्य निरन्तर रहेको ।
- FATF बाट सहजीकरण गरिएको OECD Plenary Webcast मा नेपालको तर्फबाट सहभागिता जनाइएको ।

### ५.१६ हेलो सरकार कक्ष

हेलो सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विभिन्न मन्त्रालय तथा निकायहरूसँग सम्बन्धित रहेर प्राप्त हुने विभिन्न किसिमका जनगुनासो र सुझावहरूको उचित सुनुवाई गर्न, मन्त्रालयबाट हुने नीतिगत निर्णय, कार्यसंचालन र शान्ति सुरक्षाको स्थितिको सम्बन्धमा जानकारी लिई शासकीय व्यवस्थामा सुधार गरी जनमुखी प्रशासन व्यवस्थाको प्रवर्द्धन गर्नका लागि गुनासो गर्न चाहने जो कोहीले देहायबमोजिमको माध्यमबाट शाखामा सूचना दिन सकिनेछ ।

- टोल फ्रि टेलिफोन नम्बर १११११ मा टेलिफोन गरी शाखाका कर्मचारीलाई टिपाएर ।
- शाखाको फ्याक्स नम्बर ११०० मा फ्याक्स गरेर ।
- शाखाको 1111@nepal.gov.np मा ईमेल गरेर ।
- कार्यालयको Website www.gunaso.opmcm.gov.np को Complaints and Suggestion बाट पठाएर ।
- Twitter तथा Facebook पेजको गुनासो गेट ।
- मोबाइल Apps मा गुनासो पठाएर।
- हेलो सरकार शाखामा पत्र पठाएर ।
- गुनासोकर्ता स्वयं उपस्थित भई विवरण टिपाएर ।
- SMS मा गुनासो पठाएर ।
- Viber मार्फत् गुनासो पठाएर ।
- अन्य

**हेलो सरकार शाखाबाट सम्पादन भएका मुख्य-मुख्य कामहरू**

- हेलो सरकार कक्षमा विभिन्न माध्यम (हेलो सरकार वेब पोर्टल, फेसबुक, भाइबर, ट्वीटर, इमेल, फोन सम्पर्क तथा प्रत्यक्षरुपमा कक्षमा नै उपस्थिति भै) बाट प्राप्त ३,३२९ (प्राप्त भएका गुनासा र फछ्यौंटका लागि पुनः प्राप्त भएका समेत) गुनासोहरुलाई अध्ययन गरी सम्वन्धित निकायमा पठाउन उपयुक्त देखिएका गुनासो आवश्यक कार्वाहीका लागि सम्वन्धित निकायमा पठाईएको।
- यस अवधिमा सम्वन्धित निकायबाट समाधान भई आएका मध्ये फछ्यौंट गर्न उपयुक्त देखिएको जम्मा १,४७७ (यो अवधि भन्दा अगाडि सम्वन्धित निकायमा पठाईएका, सम्वन्धित निकायमा नपठाई कक्षबाट नै फछ्यौंट गरिएका समेत) गुनासो फछ्यौंट गरिएको ।
- गुनासोहरुको सम्बोधनमा तीव्रता ल्याउने उद्देश्यले वेब, फोन, एस.एम.एस., भाईबर तथा ईमेलका माध्यमबाट १,५०० भन्दा बढी गुनासोहरु सम्बोधनका लागि ताकेता गरिएको।
- नागरिक एप मार्फत प्राप्त सबै पुरानो गुनासोहरु सम्बन्धित निकायमा पठाई सकिएको। नागरिक एपबाट गुनासोहरु प्राप्त हुने क्रम जारी रहेको र सोही अनुसार सम्बन्धित निकायमा पठाउने कार्यलाई निरन्तरता प्रदान गरिएको । यस अवधिमा नागरिक एप मार्फत २,२२८ गुनासो प्राप्त भएको।
- आर्थिक वर्ष २०७७/७८ मा हेलो सरकार शाखाबाट सम्पादित भएका कार्यहरुको वार्षिक प्रतिवेदन तयार गर्नका लागि शासकीय सुधार महाशाखा हेर्ने सचिवज्यूको संरक्षकत्वमा र महाशाखा प्रमुखज्यूको संयोजकत्वमा प्रतिवेदन तयारी समिति गठन भै प्रतिवेदन को प्रारम्भिक मस्यौदा तयार गरी महाशाखा प्रमुख समक्ष पेश गरिएको।

- आर्थिक वर्ष २०७७/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार हेलो सरकारको नयाँ विद्युतीय पोर्टल संचालनका लागि प्रदेश र स्थानीय तहका गुनासो सुन्ने अधिकारीहरुलाई तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन सम्बन्धमा प्रस्ताव तयार गरी स्वीकृत भएको साथै तालिम सम्बन्धी म्यानुअल तयारीको क्रममा रहेको।
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७७ नेपाल सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत भै कार्यान्वयनमा आएको।
- मिति २०७६/०४/०१ देखि संचालनमा आएको नयाँ विद्युतीय पोर्टलमा २०७६/०४/०१ देखि हाल सम्म प्राप्त गुनासो मध्ये ६६.१६% गुनासो फछ्र्यौट भएको।
- गुनासो व्यवस्थापनसँग सम्बन्धित अन्य नियमित तथा आकस्मिक कार्यहरु साथै शाखाका प्रशासनिक कार्यहरु निरन्तररुपमा सम्पादन गर्ने गरिएको।

## नतिजा व्यवस्थापन महाशाखा

### ५.१७ तत्काल समस्या समाधान केन्द्र

- यस त्रैमासिकमा केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिको नियमित बैठक आयोजना गरिएको। बैठकबाट विभिन्न विषयमा भएका ९ वटा निर्णयहरु कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको।
- यस कार्यालयको एकीकृत अनुगमन प्रणाली monitoring.opmcm.gov.np अद्यावधिक गरिएको।
- यस आ.व.मा अनुगमनका लागि छनौट भएका राष्ट्रिय गौरव, रुपान्तरणकारी तथा अन्य महत्वपूर्ण ६४ आयोजनाहरु अद्यावधिक गरिएको । अनुगमन प्रणालीमा प्रविष्टी गर्ने कार्य सहजीकरणका लागि आयोजनासँग सम्बन्धित पदाधिकारीहरुलाई मिति २०७८/५/२८ देखि २०७८/६/१ सम्म अभिमुखीकरण तालिम प्रदान गरिएको।
- तत्काल समस्या समाधान केन्द्र सञ्चालन निर्देशिका परिमार्जनका लागि संशोधित मस्यौदा तयार गरिएको।
- मिति २०७८/५/१, २ र ४ गते क्रमशः नेपाल राज्यभित्र आधिकारिक मोबाइलहरु मात्र प्रयोगमा आउने प्रणाली MDMS कार्यान्वयन अवस्था, खाद्य वस्तुहरुमा गुणस्तर कायम गर्ने कार्य थप प्रभावकारी बनाउने विषय तथा विषादी नियन्त्रण एवं व्यवस्थापन सम्बन्धमा यस कार्यालयका सचिवज्यूको अध्यक्षतामा सम्बन्धित पदाधिकारीहरुसँग छलफल कार्यक्रम आयोजना गरिएको ।

### ५.१८ नतिजा विश्लेषण तथा व्यवस्थापन शाखा

- विषयगत मन्त्रालयहरु एवम् राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी आयोजना लगायत अन्य महत्वपूर्ण आयोजनाहरुले आ.व. २०७८/७९ मा कार्यान्वयन गर्ने विषयहरुको नतिजा सूचक एवम् समय सारिणी सहितको वार्षिक कार्ययोजना तयार गरिएको ।
- विषयगत मन्त्रालयहरूसंग मन्त्रालयको कार्यक्रम सञ्चालन, सेवा प्रवाह एवम् कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मुख्य सचिवज्यूको अध्यक्षतामा नियमित छलफल आयोजना गरी मन्त्रालयहरूको काममा सहजीकरण गरिएको ।
- कार्यसम्पादन संझौतालाई व्यवस्थित गर्न सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम कार्यसम्पादन करार सम्बन्धी निर्देशिकाको प्रथम मस्यौदा तयार गरिएको ।
- आ.व.२०७७/७८ को कार्ययोजना बमोजिम विषयगत मन्त्रालयहरुको कार्यसम्पादन प्रगति प्रतिवेदन तयार गरिएको ।

### ५.१९ तथ्याङ्क शाखा

- सामाजिक क्षेत्रका पूर्वाधारहरुको GIS Mapping गरी सार्वजनिक प्रयोजनका लागि सहज स्थानमा उपलब्ध गराउन कार्यदल गठन भएको । सो कार्यका लागि आवश्यक नीति, कार्यविधि, मेटाडाटा र कार्ययोजनाको प्रथम मस्यौदा तयार गरिएको ।
- राष्ट्रिय क्षयरोग कार्यक्रमको तथ्याङ्कीय विश्लेषण गरी Determinants of Tuberculosis Success and Death in Nepal सम्बन्धी कार्यपत्र तथा नीतिगत सारांश तयार गरी सरोकारवाला निकायसमक्ष प्रस्तुत गरिएको ।
- राष्ट्रिय बहुसूचक क्लस्टर सर्वेक्षण २०१४ तथा २०१९ को पूनविश्लेषण गरी Trend and Determinants of Birth Registration in Nepal सम्बन्धी कर्यपत्र तथा नीतिगत सारांश तयार गरिएको ।

## लगानी, उत्पादन तथा रोजगार प्रवर्द्धन महाशाखा

### ५.२० कृषि, वन तथा वातावरण शाखा र अर्थ, उद्योग, वाणिज्य तथा पर्यटन शाखा

- विदेशी लगानी नीति, २०७१ को अध्ययन प्रतिवेदन तयार गरिएको।
- राष्ट्रिय योजना आयोग तथा अन्य निकायबाट नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष स्वीकृतिको लागि प्राप्त भएका प्रस्तावहरू पेश गरिएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्मा स्वीकृतिको लागि पेश भएको प्रस्तावित दुग्ध विकास नीति तथा हवाई नीतिमा राय सुझाव उपलब्ध गराइएको।

- प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, गरिवी निवारण कोषबाट प्रवर्द्धित सामुदायिक संस्थालाई सहजीकरण गर्ने सम्बन्धी कार्यविधि, स्टार्टअप व्यवसायलाई कर्जा प्रवाह गर्ने कार्यविधि, United Nations Development Assistance Framework (UNDAF) मा राय सुझाव उपलब्ध गराइएको ।
- Doing Business Report, 2022 का लागि नेपाल सरकारको तर्फबाट प्रतिवेदन तयारी, पेश र विश्व बैंकसँग परामर्श तथा गोष्ठी (भर्चुअल) सम्पन्न गरिएको।
- सम्माननीय प्रधानमन्त्रीज्यू, श्रीमान् मुख्यसचिवज्यू तथा कार्यालयलाई सम्बोधन गरी प्राप्त हुन आएका यस महाशाखासँग सम्बन्धित निवेदन, उजुरी गुनासोहरुलाई सम्बन्धित निकायमा पठाएको ।
- समसामयिक समस्या तथा विषयहरुमा सम्बन्धित निकायहरुसँग छलफल गरी आवश्यक निर्णय गरिएको ।

## पूर्वाधार विकास महाशाखा

### ५.२१ भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा शाखा र खानेपानी, सहरी विकास तथा सञ्चार शाखा

- मिति २०७८/०४/०८ गते विशेष भवन निर्माण आयोजना अन्तर्गत संघीय संसद सचिवालयको भवन निर्माणको लागि ननीगंज भवनको व्यवस्थापन सम्बन्धमा छलफल भएको। रक्षा मन्त्रालय र पुरातत्व विभागको सहभागिता रहेको उक्त वैठकले संघीय संसद सचिवालय निर्माण गर्ने जग्गामा रहेको सुरक्षा परिषद्को चमेनागृह र नानीगंज भवनको व्यवस्थापन सम्बन्धमा निर्णय गरी कार्यान्वयनका लागि रक्षा मन्त्रालय, पुरातत्व विभागलाई पत्राचार गरिएको।
- मिति २०७८/०४/१९ गते आयोजना कार्यान्वयन निर्देशानालयको समस्या सम्बन्धमा छलफल भएको।
- मिति २०७८/०५/०२ गते काठमाडौं महानगरपालिका तथा राष्ट्रिय वाणिज्य बैंक लगायतका प्रतिनिधिको सहभागितामा तीनकुने पार्क व्युटिफिकेसन सम्बन्धमा छलफल गरी तीनकुने पार्क सौन्दर्यीकरणका लागि काठमाडौं महानगरपालिकाले डिजाइन र ड्रइङ्ग र सो को अनुमानित लागत तयार गर्ने र निर्माण/संरक्षणको जिम्मेवारी राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक, कृषि विकास बैंकलाई दिने निर्णय भएको।
- मिति २०७८/०५/०४ गते सडक मर्मत तथा बाहिरी चक्रपथ सम्बन्धमा छलफल गरिएको।

- मिति २०७८/०५/०८ गते बाढि पहिरो प्रभावित मेलम्ची खानेपानी आयोजनाको वर्तमान समस्याको विश्लेषण र दीर्घकालिनरुपमा समाधान सम्बन्धमा सरोकारवाला निकायसँग समन्वयात्मक बैठक गरिएको। क्षतीबाट पर्न गएको Loss and Damage Assessment गर्ने, बाढी, पहिरो प्रभावित क्षेत्रको जनजीवनलाई सामान्यीकरण गर्ने, उपल्लो भेगदेखि तल्लो तटीय क्षेत्रको भौगर्भिक अध्ययन गर्ने लगायतका निर्णय गरिएको।
- मिति २०७८/०५/१६ गते पासाङ्ग ल्हामु राजमार्ग सम्बन्धमा छलफल गरी उक्त सडक खण्डको स्तरोन्नति गर्ने कार्य शिघ्र सम्पन्न सडक विभागले गर्ने निर्णय भएको।
- मिति २०७८/०५/१६ गते युटिलिटी कोरिडोरमा GIS Mapping सम्बन्धमा छलफल गरी utility service वितरणका लागि निर्माण गरिएका हाल भइरहेका पूर्वाधारहरूको GIS Mapping को विवरण अद्यावधिक गर्ने तथा अद्यावधिक नभएका निकायले १५ दिन भित्र mapping कार्य प्रारम्भ गर्ने र सवै निकायले सम्पर्क व्यक्ति तोक्ने लगायतका निर्णय भएको।
- मिति २०७८/०५/२० गते शहरी विकास तथा भवन निर्माण विभाग, सडक विभाग, खानेपानी मन्त्रालय, नेपाल गुणस्तर तथा नापतौल विभागका प्रतिनिधिको सहभागितामा निर्माण सामग्रीको गुणस्तर सम्बन्धमा छलफल गरिएको।
- मिति २०७८/०५/२१ गते चाडपर्व लक्षित यातायात व्यवस्थापन सम्बन्धमा छलफल गरी यातायात व्यवस्था विभागले सार्वजनिक यातायातको अग्रिम टिकट बुकिङ खुला गर्ने मिति सरोकारवालाहरूसँगको समन्वयमा निर्धारण गर्ने, यात्रुको सहजताका लागि टिकट बिक्री वितरण Online विधि वा मोवाइल एप्सको माध्यमबाट गर्ने जस्ता निर्णय भएको।
- मिति २०७८/०५/२२ गते त्रिचन्द्र कलेज र सिंहदरबार पश्चिम गेटको पुर्ननिर्माण सम्बन्धमा छलफल भएको।
- मिति २०७८/०५/२५ गते चाडपर्व लक्षित हवाइ यातायात व्यवस्थापन सम्बन्धमा छलफल गरी विराटनगर, पोखरा, नेपालगञ्ज तथा धनगढीबाट सम्बन्धित प्रदेशका पहाडी तथा हिमाली जिल्लामा चाडपर्व लक्षित हवाई उडानको व्यवस्था नेपाल नागरिक उड्डयन प्राधिकरणले मिलाउने, चाडपर्वमा हुने यात्रुको चापलाई मध्यनजर गरी रात्री उडान हुन सक्ने आन्तरिक विमानस्थलमा रात्री उडानको संख्या थप गर्ने लगातयका निर्णय भएको।
- मिति २०७८/०५/३० गते विशेष भवन निर्माण आयोजना अन्तर्गतका आयोजनाहरूको (संघीय संसद भवन, गोदावरी सभाहल, प्रदेश प्रमुख/मुख्यमन्त्री आवास भैंसेपाटी) प्रस्तुतीकरण मार्फत प्रगतिको बारेमा जानकारी लिएको।
- मिति २०७८/०६/०१ गते भुकम्प लगायतको कारणबाट जिर्ण अवस्थामा रहेका संरचनाहरूको पुर्ननिर्माण सम्बन्धमा छलफल गरी पुरातात्विक महत्त्वका गुठीको स्वामित्वमा

रहेका सम्पत्तिहरूको सूची तयार गरी सम्पत्तिको दीगो व्यवस्थापन सम्वन्धमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अवधारणापत्र तयार गर्ने लगायतका निर्णय भएको।

- मिति २०७८/०६/०४ गते मेलम्ची खानेपानी तथा उपत्यकाको खानेपानीको अवस्था सम्बन्धमा छलफल गरी मेलम्ची खानेपानी आयोजनामा बाढीपहिरोबाट भएको Loss and Damage Assess गरी खानेपानी मन्त्रालयले Recovery Plan बनाउने, काठमाडौं उपत्यकाको खानेपानीको बैकल्पिक व्यवस्था गर्न काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड र KUKL ले Back Up Plan तयार गर्ने लगायतका निर्णय भएको।
- मिति २०७८/०६/०५ गते विद्युत प्रशारण लाइन आयोजनामा देखिएका समस्या समाधान सम्बन्धमा छलफल गरी निर्माणाधिन विद्युत प्रशारण लाइन आयोजनामा शान्ति सुरक्षा, जग्गा प्राप्ति तथा अन्य विषयमा नेपाल विद्युत प्राधिकरणले गृह मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग आपसी समन्वय गरी समस्या समाधान गर्ने लगायतका निर्णय भएको।
- मिति २०७८/०६/०६ गते मेलम्ची खानेपानी आयोजना पुर्ननिर्माण र आयोजनाको सडक सम्बन्धमा छलफल गरी बाढीबाट क्षति भएका संरचना, बाटो र पुलको पुर्ननिर्माण गर्ने सिलसिलामा विभिन्न निकायबाट सम्पादन गरिनु पर्ने कार्य समय र तत् सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट हुनुपर्ने नीतिगत निर्णयको प्रस्ताव सहित तत्कालिन, मध्यकालिन र दिर्घकालिन योजना सहितको कार्ययोजना तयार गर्न खानेपानी मन्त्रालयका सचिवको संयोजकत्वमा एक समिति गठन गरिएको।
- मिति २०७८/०६/०८ गते खाल्डाखुल्डीको व्यवस्थापन र चाडपर्व लक्षित यातायात सहज सञ्चालन विषयमा छलफल गरीएको।
- मिति २०७८/०६/१० गते नेपाल विद्युत प्राधिकरणको स्मार्ट मिटरिङ्गको विषयमा छलफल गरी नेपाल विद्युत प्राधिकरणले प्रयोगमा ल्याउने स्मार्ट मिटर सञ्चालनको लागि आवश्यक पर्ने फ्रिक्वेन्सीका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय र नेपाल विद्युत प्राधिकरणका प्रतिनिधिले फ्रिक्वेन्सी प्रदान गर्ने विकल्प सहितको प्रस्ताव तयार गर्ने निर्णय भएको।
- आज मिति २०७८/०६/१२ गते हवाइ सुरक्षाको विषयमा सरोकारवाला निकायसँग छलफल गरीएको।
- मिति २०७८/०६/१४ गते विद्युत प्रशारण लाइन निर्माणको लागि जग्गा प्राप्ती सम्बन्धी विषयमा छलफल गरी चोभारस्थित साविकमा हिमाल सिमेन्ट कारखाना रहेको नेपाल सरकारको स्वामित्वको जग्गामा विद्युत सवस्टेशन निर्माण गर्ने प्रयोजनका लागि आवश्यक

पर्ने जग्गा उपयुक्त विधिबाट उपलब्ध गराउन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले आवश्यक समन्वय गर्ने लगायतका निर्णय भएको।

- मिति २०७८/०६/२४ गते आइतबारका स्वच्छ ऊर्जा खपत अभिवृद्धि सम्बन्धी विषयमा नेपाल विद्युत प्राधिकरणबाट प्रस्तुतिकरण गरी छलफल गरिएको।

## कानून तथा फैसला कार्यान्वयन महाशाखा

### ५.२२ कानून शाखा र फैसला कार्यान्वयन शाखा

| क्र.सं. | क्रियाकलाप | प्रगति व्यहोरा |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायसँग सम्बन्धित कानूनमा आवश्यक संशोधन गर्ने | **विधेयक समितिमा छलफल भएबमोजिम देहायका मस्यौदा परिमार्जन गरी मन्त्रिपरिषद् बैठक शाखामा पेश गरेको:-**<br>१. "सैनिक सेवा (चौथो संशोधन) नियमावली, २०७८"<br>२. "वी.पी कोइराला राष्ट्रिय पुरस्कार सम्बन्धी कार्यविधि, २०७८" |
| २. | फैसला कार्यान्वयनतर्फ | १. यस कार्यालय समेत विपक्षी भएको मुद्दामा सम्मानित अदालतबाट भएको आदेश (थान ५०) कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाइएको।<br>२. आदेश कार्यान्वयनको प्रगति प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार भएको। |
| ३. | नेपाल सरकारमा पर्न आएका पुनरावेदन सम्बन्धी कार्य | रामप्रसाद भण्डारी निवेदक/पक्ष **विरुद्ध** श्री सचिव, गृह मन्त्रालय प्रत्यर्थी भएको निवेदनमा विभागीय सजायको निर्णय बदर गरी पाउँ भन्ने पुनरावेदन विषय म.प.बै.सं. ४१/०७८ मिति २०७८/५/२१ को बैठकमा पेश हुँदा निज उपर मिति २०७५/४/३१ मा गृह सचिवबाट भएको विभागीय कारबाहीको सजाय बदर भई सशस्त्र प्रहरी नायव उपरीक्षक पदमा पुनर्वहाली हुने गरी नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७८।५।२१ मा निर्णय भई निर्णय कार्यान्वयनको लागि गृह मन्त्रायमा पत्राचार गरिएको। |
| ४. | लिखित जवाफ/पुनरावेदन/प्रतिउत्तर पत्र तर्फ | सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार,मन्त्रिपरिषद्, संवैधानिक परिषद्, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरुबाट म्याद प्राप्त हुन आएका १७३ थान मुद्दाहरुको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको। |

## मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा

### ५.२३ मानव अधिकार शाखा र अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा

| क्र.सं. | क्रियाकलाप | प्रगतिको व्यहोरा |
|---|---|---|
| १. | भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धी अन्तर्गत दोस्रो चक्रको सो मूल्यांकन प्रतिवेदन (Self Assessment Report) उपर समकंक्षी पुनरावलोकन (Peer Review) | Second Self-Assessment Checklist Report प्रतिवेदनको समकक्षी पुनरावलोकन (Peer Review) को सम्बन्धमा आवश्यक तयारी गर्नको लागि १५ जना सरकारी विज्ञहरूको मनोनयन मिति २०७८।०४।१५ को मुख्य सचिवस्तरिय निर्णयबाट गरिएको । |
| | | १. भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयसम्बन्धी नेपालले जनवरी २०२० मा UNODC मा पेश गरेको Second Self-Assessment Checklist Report का सम्बन्धमा माग गरिएको थप जानकारी UNODC मा पठाइएको ।एल साल्भाडोर र लेवनानका प्रतिनिधिबाट नेपालले पेश गरेको Second Self-Assessment Checklist Report का सम्बन्धमा प्राप्त धारणाका सम्बन्धमा जवाफ तयार गरी पेश गरिएको ।<br>२. UNCAC को कार्यान्वयन अन्तर्गत रोमानियाको दोस्रो चक्रको चौथो वर्षको समिक्षा गर्न नेपालको तर्फबाट दुईजना सरकारी विज्ञहरुको मनोनयन भएको ।<br>➢ नेपालको UNCAC Second Self Assessment Report को समकंक्षी पुनरावलोकन (Peer Review) का लागि El Salvador र Lebanon का सरकारी विज्ञहरुको जनवरी २०२२ मा हुने भम्रणका सम्बन्धमा आवश्यक तयारी भइरहेको। |
| २ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार ICESCR सम्बन्धी राष्ट्रिय प्रतिवेदन पठाउने र प्रकाशन गर्ने | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार (Economic, Social and Cultrual Rights (ESCR) सम्बन्धी राष्ट्रिय प्रतिवेदनको मस्यौदा तयार गरिएको। |
| ३. | मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय विशेष समाधिकक्षहरुले माग गरेको जानकारी तथा प्रश्नावली एवं संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिमा परेका | नेपाल सरकारबाट देहायका तीन विषयमा जवाफ तयार गरी पठाइएको<br>क) Survey on nationality (citizenship) frameworks and equality in matters of nationality<br>ख) Issues of Enforced or Involuntary Disappearances in |

| क.सं. | क्रियाकलाप | प्रगतिको व्यहोरा |
| --- | --- | --- |
| | उजुरीतथा सो को ताकेताको जवाफका साथै अन्य माग भएको जानकारी उपर नेपाल सरकारले पेश गर्नुपर्ने जवाफको तयारी (१५ वटा) | Nepal<br>ग) Special Rapporteur on the protection of the right to freedom of opinion and expression जवाफ तयारी अवस्थामा रहेको<br>• Murder of Nabaraj B.K. and other youths from Rukum<br>• Survey on National Mechanisms for Implementation, Reporting and Follow-up<br>• Falsified Medical Product Related Offences |
| ३. | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको प्रचार प्रसार, कार्यान्वयनको अनुगमन र प्रतिवेदन (७ प्रदेश र जिल्लाहरु समेत) | १. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको प्रगति विवरण प्रादेशिक समन्वय शाखा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सातै प्रदेशका मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ( प्रदेश समन्वय समिति) र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत ७७ वटै जिल्लाका जिल्ला समन्वय समिति समक्ष माग गरिएको।<br>२. मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा दाङ्गमा प्रचारप्रसार गरिएको र कार्ययोजना सरोकारवाला निकायमा वितरण गरिएको। |
| ४. | राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयनको प्रतिवेदन | राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त हुन आएका ६ वटा सिफारिसहरु कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालय तथा निकायमा पठाइएको । |

## ६. प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयमा निर्णयहरूको प्रभावकारी रूपमा सूचना व्यवस्थापन गर्नका लागि प्रवक्ताको व्यवस्था गरिएको छ । कार्यालयले राजपत्रांकित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ताको रूपमा जिम्मेवारी दिने व्यवस्था गरेको छ भने अन्य सूचना समन्वय एवम् व्यवस्थापनको लागि सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा रहेको छ । यस शाखाका प्रमुख राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको रूपमा जिम्मेवारी दिने व्यवस्था गरिएको छ । तोकिएको ढाँचामा निवेदन दिई यस शाखामार्फत् आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम प्राप्त गर्न सकिने व्यवस्था रहेको छ ।

**प्रवक्ताको विवरण**

| | | |
|---|---|---|
| नाम | : | कृष्ण बहादुर राउत |
| पद | : | सहसचिव |
| महाशाखा | : | पूर्वाधार विकास महाशाखा |
| फोन नं. | : | ९७७-१-५९७१०७५ |
| ईमेलः | : | spokesperson@opmcm.gov.np |



**सूचना अधिकारीको विवरण**

| | | |
|---|---|---|
| नाम | : | कविता फुयाल |
| पद | : | उपसचिव |
| शाखा | : | सूचना सञ्चार तथा वैदेशिक समन्वय शाखा |
| फोन नं. | : | ९७७-१- ५९७१०१४ |
| इमेल | : | kabita.phuyal@nepal.gov.np |



## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- लगानी बोर्ड ऐन, २०६८

**नियमावली तथा कार्ययोजनाहरू**

- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४

**निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका , २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रीभोज एवम् उपहारसम्बन्धी निर्देशिका, २०७२
- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५
- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- ई.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८

## ८. आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

तालिका नं. १

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**कार्यालय कोड नं.: ३०१००३५०१**

**आश्विन महिनाको खर्चको फाटवारी**

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्ष:-** २०७८/७९

**बजेट उपशीर्षक :** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय[३०१०००१२३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट | वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | १३१,६००,०००.०० | ० | १६,६५७,९६५.९० | १६,२९४,२३६.५० | ३२,९५२,२०२.४० | ० | ३२,९५२,२०२.४० | ९८,६४७,७९७.६० | २५.०४ |
| २११२१ | पोशाक | २,३००,०००.०० | ० | ० | ० | ० | ० | ० | २,३००,०००.०० | ०.०० |
| २११३२ | महंगी भत्ता | ५,६००,०००.०० | ० | ६८०,६००.०० | ३४७,५४८.०० | १,०२८,१४८.०० | ० | १,०२८,१४८.०० | ४,५७१,८५२.०० | १८.३६ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ८००,०००.०० | ० | ० | ० | ० | ० | ० | ८००,०००.०० | ०.०० |
| २११३९ | अन्य भत्ता | १,९००,०००.०० | ० | ४,७२५.०० | ८३३,५००.०० | ८३८,२२५.०० | ० | ८३८,२२५.०० | १,०६१,७७५.०० | ४४.१२ |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २००,०००.०० | ० | ० | ३,०१४.४० | ३,०१४.४० | ० | ३,०१४.४० | १९६,९८५.६० | १.५१ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | २,२००,०००.०० | ० | ८००. | ४००. | १,२००.०० | ० | १,२००.०० | २,१९८,८००.०० | ०.०५ |
| २२१११ | पानी तथा बिजुली | ७,९००,०००.०० | ० | २,६७०,७९०.०० | ९२३,९४३.०० | ३,५९४,७३३.०० | ० | ३,५९४,७३३.०० | ४,३०५,२६७.०० | ४५.५० |
| २२११२ | संचार महसुल | ३,३००,०००.०० | ० | ८१५,८१६.०० | ६५९,७७७.०० | १,४७५,५९३.०० | ० | १,४७५,५९३.०० | १,८२४,४०७.०० | ४४.७१ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १२,३००,०००.०० | ० | १,०६७,०६८.०० | १,२२४,६५९.०० | २,२९१,७२७.०० | १,०००,०००.०० | १,२९१,७२७.०० | १०,००८,२७३.०० | १०.५० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ५,२००,०००.०० | ० | ३४,६६०.०० | ८००,०७७.०० | ८३४,७३७.०० | ० | ८३४,७३७.०० | ४,३६५,२६३.०० | १६.०५ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | २,४००,०००.०० | ० | ८७,१००.०० | ० | ८७,१००.०० | ० | ८७,१००.०० | २,३१२,९००.०० | ३.६३ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा | १,२००,०००.०० | ० | ३६,१६०.०० | ० | ३६,१६०.०० | ० | ३६,१६०.०० | १,१६३,८४०.०० | ३.०१ |

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट | वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालन खर्च | | | | | | | | | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ५००,०००.०० | ० | ० | ० | ० | ० | ० | ५००,०००.०० | ०.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ११,७००,०००.०० | ० | ७३९,०९१.०० | ६,२२४,५४५.०० | ६,९६३,६३६.०० | ४५,०००.०० | ६,९१८,६३६.०० | ४,७३६,३६४.०० | ५९.१३ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ७००,०००.०० | ० | ४२,५४५.०० | ० | ४२,५४५.०० | ० | ४२,५४५.०० | ६५७,४५५.०० | ६.०८ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,८००,०००.०० | ० | ८७,०३८.०० | १८०,००८.०० | २६७,०४६.०० | ० | २६७,०४६.०० | १,५३२,९५४.०० | १४.८४ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | १००,०००.०० | ० | ० | ० | ० | ० | ० | १००,०००.०० | ०.०० |
| २२४११ | सेवा र परामर्श खर्च | ११,०००,०००.०० | ० | ० | ४९७,७८३.०० | ४९७,७८३.०० | ० | ४९७,७८३.०० | १०,५०२,२१७.०० | ४.५३ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ४,७००,०००.०० | ० | ० | ० | ० | ० | ० | ४,७००,०००.०० | ०.०० |
| २२४१३ | करार सेवा शुल्क | १३,३००,०००.०० | ० | १,४३२,२०९.०० | ४,३८०,७९६.०० | ५,८१३,००५.०० | ० | ५,८१३,००५.०० | ७,४८६,९९५.०० | ४३.७१ |
| २२५११ | कर्मचारी तालिम खर्च | ४००,०००.०० | ० | ० | ० | ० | ० | ० | ४००,०००.०० | ०.०० |
| २२५२२ | कार्यक्रम खर्च | २१,२००,०००.०० | ० | ० | ० | ० | ० | ० | २१,२००,०००.०० | ०.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ६,१००,०००.०० | ० | ५७४,३२५.०० | ३२८,६३०.०० | ९०२,९५५.०० | ० | ९०२,९५५.०० | ५,१९७,०४५.०० | १४.८० |
| २२६१२ | भ्रमण खर्च | ९००,०००.०० | ० | ७०,८२०.०० | १४,०००.०० | ८४,८२०.०० | ० | ८४,८२०.०० | ८१५,१८०.०० | ९.४२ |
| २२७११ | विविध खर्च | ८,१००,०००.०० | ० | ३६५,९७०.०० | ७४५,५११.०० | १,१११,४८१.०० | १०१,५००.०० | १,००९,९८१.०० | ६,९८८,५१९.०० | १२.४७ |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | ६०,०००,०००.०० | ० | ६०,०००,०००.०० | ० | ६०,०००,०००.०० | ० | ६०,०००,०००.०० | ० | १००.०० |
| कुल जम्मा | | ३१७,४००,०००.०० | ० | ८५,३६७,६८२.९० | ३३,४५८,४२७.९० | ११८,८२६,११०.८० | १,१४६,५००.०० | ११७,६७९,६१०.८० | १९८,५७३,८८९.२० | ३७.०८ |

तालिका नं. २

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**कार्यालय कोड नं.: ३०१००३५०१**

**आश्विन महिनाको खर्चको फाटवारी**

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्ष:-** २०७८/७९

**बजेट उपशीर्षक :** मन्त्रिपरिषद्[३०१०००११३]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट | वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१११२ | पारिश्रमिक पदाधिकारी | ३१,९००,०००.०० | ० | १८५,०३४.८० | ८३५,४४०.०० | १,०२०,४७४.८० | ० | १,०२०,४७४.८० | ३०,८७९,५२५.२० | ३.२० |
| २११२१ | पोशाक | १,५००,०००.०० | ० | ३३५,७२०.०० | १७५,४९०.०० | ५११,२१०.०० | ० | ५११,२१०.०० | ९८८,७९०.०० | ३४.०८ |
| २११३२ | महंगी भत्ता | १,८००,०००.०० | ० | ० | ३६,०००.०० | ३६,०००.०० | ० | ३६,०००.०० | १,७६४,०००.०० | २.०० |
| २२११२ | संचार महसुल | २,०००,०००.०० | ० | १,३००.०० | ८७,८४५.०० | ८९,१४५.०० | ० | ८९,१४५.०० | १,९१०,८५५.०० | ४.४६ |
| २२२११ | इन्धन (पदाधिकारी) | ५,०००,०००.०० | ० | १,४५७,९०३.०० | १५६,६८५.०० | १,६१४,५८८.०० | ० | १,६१४,५८८.०० | ३,३८५,४१२.०० | ३२.२९ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ४,०००,०००.०० | ० | ० | ६४३,३७३.०० | ६४३,३७३.०० | ० | ६४३,३७३.०० | ३,३५६,६२७.०० | १६.०८ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ४,५००,०००.०० | ० | ० | ८३४,६८९.०० | ८३४,६८९.०० | ० | ८३४,६८९.०० | ३,६६५,३११.०० | १८.५५ |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ३,०००,०००.०० | ० | ० | ० | ० | ० | ० | ३,०००,०००.०० | ०.०० |
| २२७११ | विविध खर्च | २०,३००,०००.०० | ० | २०३,६००.०० | २,५७०,२९१.०० | २,७७३,८९१.०० | १०८,०००.०० | २,६६५,८९१.०० | १७,५२६,१०९.०० | १३.१३ |
| कुल जम्मा | | ७४,०००,०००.०० | ० | २,१८३,५५७.८० | ५,३३९,८१३.०० | ७,५२३,३७०.८० | १०८,०००.०० | ७,४१५,३७०.८० | ६६,४७६,६२९.२० | १०.०२ |

तालिका नं. ३

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

**कार्यालय कोड नं.: ३०१००३५०१**

**आश्विन महिनाको खर्चको फाटवारी**

**म. ले. प. फा. न. २१०**

**आर्थिक बर्ष:-** २०७८/७९

**बजेट उपशीर्षक :** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय[३०१०००१२४]

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट | वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३११२१ | सवारी साधन | ८००,०००.०० | ० | ० | ० | ० | ० | ० | ८००,०००.०० | ०.०० |
| ३११२२ | मेशिनरी तथा औजार | ८,९००,०००.०० | ० | ९९०,५५८.०० | २,१४३,७१५.०० | ३,१३४,२७३.०० | ० | ३,१३४,२७३.०० | ५,७६५,७२७.०० | ३५.२२ |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | १,०००,०००.०० | ० | ० | १,०००,०००.०० | १,०००,०००.०० | ० | १,०००,०००.०० | ० | १००.०० |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ५,०००,०००.०० | ० | ० | ० | ० | ० | ० | ५,०००,०००.०० | ०.०० |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | १०,०००,०००.०० | ० | ० | ० | ० | ० | ० | १०,०००,०००.०० | ०.०० |
| कुल जम्मा | | २५,७००,०००.०० | ० | ९९०,५५८.०० | ३,१४३,७१५.०० | ४,१३४,२७३.०० | ० | ४,१३४,२७३.०० | २१,५६५,७२७.०० | १६.०९ |

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट ठेगाना निम्नानुसार रहेको छः https://www.opmcm.gov.np । बेवसाईटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यू लगायत यस कार्यालयसँग सम्बन्धित सम्पूर्ण सूचना तथा जानकारी एवम् नीति, नियम र ऐन, कानूनहरू उपलब्ध रहेका छन् ।

## १०. कार्यालयमा परेको सूचना मागसम्बन्धी निवेदन र सूचना दिइएको विषय (सि.नं ५.११.१ सँग सम्बन्धित)

| सि.नं | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | श्री सरोज बुढाथोकी, सिन्धुली र आशिष श्रेष्ठ, काठमाडौंले **पूर्वप्रधानमन्त्री श्री झलनाथ खनालको उपचार खर्च नेपाल सरकारले व्यहोर्ने विषयको सूचना माग** गरी मिति २०७८/०३/२९ गते निवेदन दर्ता गर्नुभएको। | निवेदकले माग गरेको सूचना परराष्ट्र मन्त्रालयसँग सम्बन्धित देखिएकोले सोही व्यहोराको सूचना प्रदान गरिएको । |
| २. | श्री श्रेयस काफ्ले र श्री विष्णु बस्याल, काठमाडौंले सेनिटरी प्याडमा १३% मूल्य अभिवृद्धि कर लगाइएको सम्बन्धी सूचना माग गरी मिति २०७८/०४/०७ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना अर्थमन्त्रालयसँग सम्बन्धित देखिएकोले सो निकायमा पत्राचार गरी सोही व्यहोराको सूचना प्रदान गरिएको । |
| ३. | श्री दीपक विक्रम मिश्र, काठमाडौंले नेपाल सरकारले उपलब्ध गराउने पूर्व विशिष्ट पदाधिकारीहरूको सेवा सुबिधासम्बन्धी सूचना माग गरी मिति २०७८/०४/०७ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना गृह मन्त्रालयसँग सम्बन्धित देखिएकोले सो निकायमा पत्राचार गरी सोही व्यहोराको सूचना प्रदान गरिएको । |
| ४. | श्री रोजन खड्काले मिति २०७८/०४/०१ लगायत विभिन्न मितिमा भएका मन्त्रिपरिषद् बैठकका निर्णयहरूको प्रतिलिपिसम्बन्धी सूचना माग गर्दै २०७८/०४/०४ गते निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचनामा आवश्यक विषय खुल्न नआएकोले सूचना उपलब्ध गराउन नसकिएको र मन्त्रिपरिषद्को निर्णयका सम्बन्धमा सम्बन्धित मन्त्रालयबाट नै सूचना माग गर्न सकिने व्यहोराको सूचना प्रदान गरिएको । |
| ५. | अधिवक्ता डा. पुन्यप्रसाद खतिवडा र दीपक विक्रम मिश्रले चिनी उद्योगहरूले उखु किसानहरूको रकम भुक्तानीसम्बन्धी विषयको विविध सूचना माग गर्दै मिति २०७८/०४/१५ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना यस कार्यालयसँग सम्बन्धित नदेखिएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा (८) बमोजिमको व्यहोरा जानकारी गराइएको । |
| ६. | श्री दीपकराज जोशी, काठमाडौं, श्री विमलप्रसाद पोखरेल, प्यूठान, अधिवक्ता श्री रामबहादुर शाही,/अधिवक्ता श्री सन्तोष भण्डारी, श्री पुष्पा | नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७८/०३/०७ मा पूर्वप्रधानमन्त्री श्री |

| सि.नं | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
|---|---|---|
| | दंगालसमेत १९ जना निवेदकहरू, श्री सरोज बुढाथोकी, सिन्धुली/श्री आशिष श्रेष्ठ, काठमाडौं लगायतले पूर्वप्रधानमन्त्री श्री झलनाथ खनालको उपचार खर्चबारे मन्त्रिपरिषद् बैठकले गरेको निर्णयसम्बन्धी सूचना माग गर्दै विभिन्न मितिमा निवेदन दर्ता गर्नुभएको । | झलनाथ खनालको दिल्लीस्थित अपोलो अस्पतालमा उपचारका क्रममा लागेको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने, उक्त खर्च अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयको नाममा निकासा दिने र परराष्ट्र मन्त्रालयले दिल्लीस्थित नेपाली दूतावासमार्फत् भुक्तानी गर्ने व्यवस्था गर्ने निर्णय भएको व्यहोराको सूचना प्रदान गरिएको । |
| ७. | श्री आशिष पौडेल, स्याङजाले त्रिभुवन विश्व विद्यालय, नायव महान्यायाधिवक्ता लगायतसँग सम्बन्धित सूचना माग गर्दै मिति २०७८/०४/२५ मा इमेलमार्फत् निवेदन गर्नुभएको । | • यस कार्यालयमा रहेको सूचना सम्बन्धमा मात्र ऐनको दफा ७ को व्यवस्थाबमोजिम सूचना उपलब्ध हुने ।<br>• प्रस्तुत निवेदनमा सार्वजनिक पदाधिकारीहरूले कुनै विषयमा अनियमितता गरेको अवस्थामा प्रचलित कानूनबमोजिमको निकायबाट अनुसन्धान भई कारबाही हुने भएकोले तत् सम्बन्धमा सूचनासँग सम्बन्धित विषय समावेश गरी निवेदन गर्नुपर्ने नहुने ।<br>• कसैलाई कारबाही गरी पाउन दायर हुने निवेदन सम्बन्धित निकायमा कानूनबमोजिम पठाइने भएको र त्यस्ता विषयमा सूचना पाउँ भनी निवेदन गरिरहनुपर्ने अवस्था नभएको व्यहोराको सूचना प्रदान गरिएको । |
| ८. | अधिवक्ता श्री उमेश प्रसादले २०७८/०३/२४ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयसम्बन्धी सूचना माग गर्दै २०७८/०४/२४ गते निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयसँग सम्बन्धित देखिएकोले सोही व्यहोराको सूचना प्रदान गरिएको । |
| ९. | श्री पुकार बमसमेत ३ जना निवेदकहरूले पूर्वप्रधानमन्त्री श्री झलनाथ खनालको उपचार खर्च तथा पूर्वप्रधानमन्त्री श्री केपी शर्मा ओली सरकारमा रहँदा उहाँको सरकारी निवास बालुवाटारमा भएको खर्चसम्बन्धी सूचना माग गरी मिति | • नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७८/०३/०७ मा पूर्वप्रधानमन्त्री श्री झलनाथ खनालको दिल्लीस्थित अपोलो अस्पतालमा उपचारका क्रममा लागेको सम्पूर्ण खर्च नेपाल सरकारले |

| सि.नं | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
| --- | --- | --- |
| | २०७८/०४/१० मा निवेदन दर्ता गर्नुभएको । | व्यहोर्ने, उक्त खर्च अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयको नाममा निकासा दिने र परराष्ट्र मन्त्रालयले दिल्लीस्थित नेपाली दूतावासमार्फत् भुक्तानी गर्ने व्यवस्था गर्ने निर्णय भएको व्यहोराको सूचना प्रदान गरिएको ।<br>• पूर्वप्रधानमन्त्री श्री केपी शर्मा ओली सरकारमा रहँदा उहाँको सरकारी निवास बालुवाटारमा भएको सम्बन्धी विवरणको सूचना प्रदान गरिएको । |
| १०. | अधिवक्ता श्री दीपक विक्रम मिश्रले नेपालमा रहेका विदेशी नागरिक तथा वैदेशिक रोजगारमा रहेका नेपालीहरूसँग सम्बन्धित विभिन्न तथ्यगत सूचना माग गरी मिति २०७८/०४/३१ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना यस कार्यालयसँग सम्बन्धित नदेखिएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा (८) बमोजिमको व्यहोरा जानकारी गराइएको । |
| ११. | श्री रूक्शाना कपाली, ललितपुरले 'नेवार भाषा'को सट्टामा 'नेपाल भाषा' प्रयोग गर्ने गराउन सम्बन्धमा भएको निर्णयको प्रतिलिपि माग गरेकोमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अभिलेखमा नदेखिएको भनिएबाट तहाँ कार्यालयबाट स्पष्ट गराई वा निर्णयको प्रतिलिपि उपलब्ध गराई मन्त्रालयमार्फत् सूचना उपलब्ध गराई दिने व्यवस्था हुन श्री राष्ट्रिय सूचना आयोगबाट मिति २०७८/०४/३१ मा लेखि आएको । | प्रस्तुत विषयको प्रस्ताव तथा कार्यान्वयन श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (तत्कालीन सूचना तथा सञ्चार मन्त्रालय) बाट नै हुने र नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची २ को क्रम संख्या १९ को देहाय ५ भिडाई तहाँबाट नै आवश्यक कारबाही हुन पुनः अनुरोध गरिएको । |
| १२. | अधिवक्ता श्री ओमप्रकाश अर्याल, गुल्मी तथा श्री मिलन बुढाथोकी, काठमाडौंले गिरिबन्धु टि स्टेट प्रा.लि. का सम्बन्धमा मिति २०७८/०३/२४ गतेको मन्त्रिपरिषदको निर्णय माग गर्दै मिति २०७८/०५/०५ र मिति २०७८/०५/३० गते निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित देखिएकोले सोही व्यहोराको सूचना प्रदान गरिएको । |
| १३. | अधिवक्ता श्री दीपक विक्रम मिश्रले भूमिहीन | निवेदकले माग गरेको सूचना भूमि |

| सि.नं | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
|---|---|---|
| | सुकुम्बासीहरूलाई वितरण गरिएको जग्गा जमिनलगायतका विषयमा सूचना माग गर्दै मिति २०७८/०६/०६ मा निवेदन दर्ता गर्नुभएको । | व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित देखिएकोले सोही व्यहोराको सूचना प्रदान गरिएको । |
| १४. | अधिवक्ता श्री आशिष श्रेष्ठ र श्री सरोज बुढाथोकीले मन्त्रिपरिषद् बैठकले स्वास्थ्य उपचारको लागि नेपाल सरकारले खर्च उपलब्ध गराएको छ छैन भन्ने सम्बन्धमा विविध सूचना माग गर्दै मिति २०७८/०४/२७ गते इमेलमार्फत् निवेदन गर्नुभएको । | नेपाल सरकार मन्त्रिपरिषदमा स्वास्थ्य उपचारको खर्च सम्बन्धमा विभिन्न मन्त्रालयहरूबाट प्रस्ताव पेश हुने, निर्णय कार्यान्वय पनि सम्बन्धित मन्त्रालयहरूबाट नै हुने र निकासा अर्थमन्त्रालयबाट हुने हुँदा यस कार्यालयमा खर्च तथा निकासासम्बन्धी एकमुष्ठ विवरण नहुने व्यहोराको सूचना प्रदान गरिएको । |
| १५. | श्री श्रेयस काफ्ले र श्री सुरेन्द्र प्रसाद पोखरेलले सार्वजनिक शौचालयसँग सम्बन्धित विषयमा सूचना माग गरी मिति २०७८/०६/१० गते निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना यस कार्यालयसँग सम्बन्धित नदेखिएकोले सम्बन्धित निकायबाटै लिनुहुन अनुरोध गरिएको । |
| १६. | श्री विजया राई श्रेष्ठ र श्री प्रकृति कार्कीले कोभिड-१९ को सन्दर्भमा डिपोर्टेशन सेन्टरमार्फत फिर्ता भएका, जेल मुक्त भएका र बेखर्ची भई नेपाल फर्किएका नागरिकहरूको क्वारेन्टाइन खर्च र बजेट प्रबन्ध सम्बन्धमा सूचना माग गरी मिति २०७८/०६/०१ गते इमेलमार्फत् निवेदन गर्नुभएको । | निवेदकले माग गरेको सूचना यस कार्यालयसँग सम्बन्धित नदेखिएकोले सम्बन्धित निकायबाटै लिनुहुन इमेलबाटै अनुरोध गरिएको । |
| १७. | श्री महेश्वर गजुरेल, काठमाडौंले यस कार्यालयमा रहेका सवारी साधनहरूसँग सम्बन्धित सूचना माग गर्दै मिति २०७८/०५/३१ गते निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको आवश्यक सूचना एवम् विवरण उपलब्ध गराइएको । |
| १८. | श्री सज्जिव पौड्याल लगायत ८ जना निवेदकहरूले स्थानीय तहमा रिक्त भएको दरबन्दीमा पदपूर्ति गर्ने सम्बन्धी मिति | निवेदकले माग गरेको आवश्यक सूचना उपलब्ध गराउन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखी |

| सि.नं | माग गरेको सूचनाको संक्षिप्त व्यहोरा | प्रदान गरिएको सूचनाको संक्षिप्त व्यहोरा |
|---|---|---|
| | २०७६/०२/०७ गते नेपाल सरकार, मन्त्रिपरिषद्ले गरेको निर्णयसम्बन्धी सूचना माग गर्दै मिति २०७८/०६/१३ गते निवेदन दर्ता गर्नुभएको । | निवेदकलाई सोही व्यहोरा जानकारी गराइएको । |
| १९. | श्री दीपक विक्रम मिश्रले सुकुम्बासीहरूलाइ वितरण गरिएको जग्गाजमिन लगायतको विवरण माग गर्दै मिति २०७८/०६/०६ गते निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेको सूचना भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित देखिएकोले सम्बन्धित निकायबाटै प्राप्त गर्न अनुरोध गरिएको । |
| २०. | श्री आशिष पौडेल, स्याङजाले त्रिभुवन विश्वविद्यालय, महान्यायधिवक्ताको कार्यालयलगायतसँग सम्बन्धित सूचना माग गरी मिति २०७८/०५/१० तथा मिति २०७८/०६/२० गते गते पुनः निवेदन गर्नुभएको । | यस विषयमा आवश्यक सूचना तथा माग गरिएका यस कार्यालयसँग सम्बन्धित पत्रको छायाँप्रति उपलब्ध गराइएको । |
| २१. | श्री दीपक विक्रम मिश्र, काठमाडौंले सम्मानीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्यहरूको सेवा सुबिधालगायतको विषयमा सूचना माग गरी मिति २०७८/०५/१८ मा निवेदन दर्ता गर्नुभएको । | निवेदकले माग गरेबमोजिमको सूचना प्रदान गरिएको । |